समृद्ध समाजको समाजमैत्री अखबार
कम्पनी दर्ता नं. : २११८१३ /०७५/०७६
जि.प्र.का. मोरङ द.नं. : १९९/०६४/०६५

राष्ट्र, राष्ट्रियता र संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध
लेखा नं. : ६०६८२४४००
अनलाईन संस्करण: fastmedianepal.com
युवा जागरण मिडिया प्रा.लि.द्वारा प्रकाशित

# राष्ट्रिय युवा जागरण

Rastriya Yuva Jagaran Weekly
साप्ताहिक

वर्ष- १९, अंक-२, २०८३ साउन १३ गते बुधबार (2026, Jul. 29 Wednesday) नेपाल सम्वत ११४६ पृष्ठ संख्या - ६ मुल्य रु. १०।-

**जनहितमा जारी**

भुकम्प प्रतिरोधक घर बनाऔं । २०७२ बैशाखको जस्तो भुकम्प जुनसुकै बेला जान सक्छ । त्यसैले, घर निर्माण गर्दा सरकारले तोकेको मापदण्ड पूरा गरेर बनाऔं । नगरपालिकाबाट नक्सा पास गराऔं । इन्जिनियरको सल्लाह लिऔं । निर्माणमा तालिम प्राप्त डकर्मी, सिकर्मीलाई मात्र लगाऔं । पुननिर्माण तथा नवनिर्माण गर्दा गुणस्तरीय समाग्री मात्र प्रयोग गरौं ।

**दमक नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय, दमक, झापा

**प्रकाशकीय**

## सामाजिक सद्भाव जोगाउने साझा जिम्मेवारी

*सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जमा भएको हिंसात्मक घटनाले केवल एउटा स्थानीय विवादको सीमामात्र पार गरेको छैन, यसले हाम्रो समाजमा रहेको सामाजिक सद्भाव र सहअस्तित्वमाथि नै गम्भीर प्रश्न खडा गरेको छ । सामान्य विवादले साम्प्रदायिक तनावको रूप लिनु, त्यसपछि एक युवाको ज्यान जानु, दर्जनौं घाइते हुनु र सार्वजनिक तथा निजी सम्पत्तिमा क्षति पुग्नु अत्यन्त दुःखद र चिन्ताजनक विषय हो ।*

*यस्तो अवस्थामा सबैभन्दा पहिलो आवश्यकता दोषारोपण होइन, सत्यको खोजी हो । गृह मन्त्रालयले पाँच सदस्यीय छानबिन समिति गठन गर्नु र जिल्ला प्रशासन कार्यालयमा बसेको सर्वदलीय तथा सर्वपक्षीय बैठकले समितिलाई पूर्ण सहयोग गर्ने निर्णय गर्नु सकारात्मक कदम हो । निष्पक्ष अनुसन्धानमार्फत घटनाको वास्तविकता बाहिर ल्याउनु र दोषीमाथि कानुनअनुसार कारबाही गर्नु नै पीडितलाई न्याय दिने तथा भविष्यमा यस्ता घटना दोहोरिन नदिने आधार बन्न सक्छ ।*

*घटनापछि सामाजिक सञ्जाल र विभिन्न माध्यमबाट फैलिएका अपुष्ट सूचना तथा अफवाहले परिस्थिति झन् जटिल बनाउन सक्छन् । संवेदनशील समयमा जिम्मेवारीविहीन अभिव्यक्ति र उत्तेजक प्रचारले समाजमा अविश्वास बढाउने मात्र होइन, हिंसालाई थप उक्साउने जोखिम पनि हुन्छ । त्यसैले सत्य पुष्टि नभएसम्म कुनै पनि सूचना साझा नगर्नु र आधिकारिक जानकारीलाई मात्र विश्वास गर्नु आजको आवश्यकता हो ।*

*सुनसरी बहुजातीय, बहुभाषिक र बहुधार्मिक समाजको उत्कृष्ट उदाहरण हो । दशकौँदेखि विभिन्न समुदायबीच कायम रहेको आपसी विश्वास र सहअस्तित्वलाई केही व्यक्तिको गैर जिम्मेवार व्यवहारले ध्वस्त पार्न दिनु हुँदैन । राजनीतिक दल, धार्मिक अगुवा, नागरिक समाज, सञ्चारमाध्यम र स्थानीय समुदाय सबैले संयम, संवाद र सहिष्णुतालाई प्राथमिकता दिनुपर्छ । राज्यका सुरक्षा निकायले पनि कानुन कार्यान्वयनसँगै बल प्रयोगका विषयमा पारदर्शी र उत्तरदायी बन्नुपर्छ । घटनाको प्रत्येक पक्ष निष्पक्ष रूपमा अनुसन्धान हुनु, आवश्यक भए सुरक्षा संयन्त्रको भूमिकाको समेत समीक्षा हुनु लोकतान्त्रिक शासन प्रणालीको अनिवार्य दायित्व हो ।*

*सामाजिक सद्भाव कुनै एउटा समुदाय, दल वा प्रशासनको मात्र जिम्मेवारी होइन । यो सम्पूर्ण समाजको साझा सम्पत्ति हो । त्यसैले अहिले आवश्यक छ—उत्तेजना होइन संयमता, प्रतिशोध होइन न्याय, र विभाजन होइन सामाजिक एकता । देवानगञ्जको घटनाबाट सबैले पाठ सिक्दै शान्ति, सहिष्णुता र कानुनी शासनलाई अझ मजबुत बनाउने दिशामा अघि बढ्नुपर्छ ।*

### सुनसरी गोलीकाण्ड विरुद्धको आन्दोलन नियन्त्रण बाहिर

# समाधानका लागि आज सर्वदलीय बैठक

◆ प्रधानमन्त्री बालेन शाहको सामाजिक सद्भाव कायम गर्न आग्रह, दोषीलाई कारबाही र पीडितलाई न्याय दिने प्रतिबद्धता

◆ रायुजा डेक्स


फाइल तस्बिर

इटहरी । सुनसरीको देवानगञ्ज -३ कप्तानगञ्जमा भएको गोलीकाण्ड र त्यसपछिको तनावका विषयमा सत्तारुढ दलहरूले समाधानका लागि आज सर्वदलीय बैठक राख्ने भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सचिवालयले जनाएको छ । घटनाको दुईदिनपछि प्रधानमन्त्री वालेन्द्र शाहले घटनाप्रति दुःख व्यक्त गर्दै दोषीमाथि कानुनी कारबाही, पीडितलाई न्याय र सामाजिक सद्भाव कायम गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् । यसबीच आन्दोलन सुनसरीबाट मोरङ, सिरहा र वीरगञ्जसम्म फैलिएको छ भने सुनसरीका संवेदनशील क्षेत्रमा अनिश्चितकालीन कर्फ्यु जारी गरिएको छ ।

प्रधानमन्त्री शाहले सामाजिक सञ्जालमार्फत सरकारले घटनाको गम्भीर समीक्षा गरिरहेको, सुरक्षाकर्मीबाट गोली चल्नु सामान्य विषय नभएको र यसबारे अनुसन्धान सुरु भइसकेको उल्लेख गरेका छन् । उनले दोषीलाई कानुनबमोजिम कारबाही हुने, पीडितलाई न्याय र क्षतिपूर्ति दिलाइने तथा यस्ता घटना दोहोरिन नदिन आवश्यक निर्णय भइरहेको बताएका छन् ।

जिल्ला प्रशासन कार्यालय सुनसरीले स्थानीय प्रशासन ऐन, २०२८ अनुसार मंगलबार दिउँसो ३:३० बजेदेखि अर्को सूचना जारी नभएसम्म इनरुवा बजार तथा पूर्व-पश्चिम महेन्द्र राजमार्गअन्तर्गतका संवेदनशील क्षेत्रमा कर्फ्यु आदेश लागू गरेको छ। कर्फ्यु अवधिमा आवतजावत, सभा, जुलुस, प्रदर्शन र भेला निषेध गरिएको छ। प्रशासनले सम्भावित अप्रिय घटना रोक्न सुरक्षाकर्मीलाई व्यापक रूपमा परिचालन गरेको जनाएको छ।

कप्तानगञ्ज गोलीकाण्डको विरोधमा मंगलबार पनि सुनसरीका विभिन्न स्थानमा प्रदर्शन जारी रह्यो । इटहरी-२० पकलीमा प्रदर्शनकारीले पूर्व-पश्चिम राजमार्ग अवरुद्ध गर्दै टायर बालेर विरोध जनाए, जसका कारण लामो दूरीका सवारी प्रभावित भए। विराटनगरमा पनि प्रदर्शनका कारण अधिकांश बजार बन्द भए भने सिरहामा राजमार्ग अवरुद्ध गर्दै निष्पक्ष छानबिन, दोषीमाथि कारबाही तथा प्रधानमन्त्री र गृहमन्त्रीको राजीनामासमेत माग गरिएको छ।

तनावबीच दुहवीमा विभिन्न सामाजिक संस्था, नागरिक समाज र स्थानीय अगुवाको सहभागितामा सामाजिक एकता र्‍याली निकालिएको छ। र्‍यालीले धार्मिक सहिष्णुता, सामाजिक सद्भाव कायम राख्न तथा घटनाका दोषीलाई कानुनी कारबाही गर्न सरकारसँग माग गरेको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी ९रास्वपा० ले पनि घटनाप्रति दुःख व्यक्त गर्दै हिंसाबाट कुनै समस्या समाधान नहुने जनाएको छ। पार्टीले स्वतन्त्र र निष्पक्ष छानबिन, दोषीमाथि कडा कारबाही, पीडितलाई न्याय, क्षतिपूर्ति र घाइतेको निःशुल्क उपचारको व्यवस्था गर्न सरकारसँग माग गरेको छ। साथै अफवाह नफैलाउन, सामाजिक सद्भाव कायम राख्न र घटनालाई राजनीतिकरण नगर्न सबै पक्षलाई आग्रह गरेको छ।

नेपाल मानव अधिकार संगठनले पनि घटनाप्रति गम्भीर चासो व्यक्त गर्दै धार्मिक स्वतन्त्रता, सामाजिक सद्भाव र मानव अधिकारको सम्मान गर्न सबै

जाऔं अन्तिम पृष्ठ

# देवानगञ्ज घटनाले साउने सोमबारको उल्लास प्रभावित

इटहरी । विगतका वर्षझैँ रमझम र उल्लासमय बन्न सकेन २०८३ सालको साउन। अघिल्ला वर्षहरूमा साउने सोमबार बोलबम यात्रुहरूको लर्को, नदी तटमा स्नान गर्ने श्रद्धालुको भीड र मठमन्दिरमा भक्तजनको घुइँचोले धार्मिक वातावरण उल्लासमय बन्ने गरे पनि यस वर्ष त्यस्तो दृश्य देखिएन ।

झन् साउनको दोस्रो सोमबार सुनसरीको देवानगञ्जमा धार्मिक विवाद हिंसात्मक झडपमा परिणत भई प्रहरीको गोलीबाट एक जनाको मृत्यु र दर्जनौँ घाइते भएपछि धार्मिक वातावरण थप शोकाकुल बनेको छ ।

यस्तो परिवेशमा अबका बाँकी साउने सोमबार पनि विगतजस्तै उल्लासपूर्ण हुने संकेत देखिएको छैन। यही प्रभावबीच चितवनको प्रसिद्ध तीर्थस्थल देवघाट धाममा पनि यस वर्ष विगतका वर्षहरूको तुलनामा श्रद्धालुको उपस्थिति उल्लेख्य रूपमा घटेको छ।

स्थानीयका अनुसार अघिल्ला वर्षमा साउनको पहिलो सोमबारदेखि नै देखिने भक्तजनको घुइँचो यसपटक देखिएको छैन।

भगवान शिवको प्रिय महिना मानिने साउनमा पवित्र नदीमा स्नान गरी शिवलाई जल अर्पण गर्दा मोक्ष प्राप्त हुने धार्मिक विश्वास छ। यही मान्यताअनुसार हरेक वर्ष हजारौँ श्रद्धालु देवघाट पुग्ने गरेका छन्। शास्त्रमा नदी किनारमा गरिने स्नान र दानलाई पुण्यदायी तथा कर्मबन्धनबाट मुक्ति दिलाउने कार्यका रूपमा उल्लेख गरिएको छ ।

हालसम्म साउनका दुई सोमबार बितिसकेका छन् भने अझै दुई सोमबार बाँकी रहेकाले आगामी दिनमा भक्तजनको संख्या बढ्ने अपेक्षा गरिएको छ। स्थानीयका अनुसार प्रतिकूल मौसमलगायत विभिन्न कारणले यस वर्ष तीर्थयात्रीको चाप कम देखिएको हुन सक्छ ।

सञ्चार माध्यमको विस्तारसँगै घरमै बसेर धार्मिक जानकारी प्राप्त गर्न सहज भए पनि प्रत्यक्ष तीर्थाटनको महत्व भने यथावत रहेको धार्मिक जानकारहरू बताउँछन् । शास्त्रीय मान्यताअनुसार तीर्थस्थलमा पुगेर स्नान, पूजन र दर्शन गर्नु विशेष पुण्यको कार्य मानिन्छ।

श्रद्धालुको उपस्थिति केही घटे पनि देवघाटको धार्मिक गरिमा र साउन महिनाको आध्यात्मिक महत्वप्रतिको आस्था भने कायमै रहेको स्थानीयको भनाइ छ ।

**हाम्रो अनुरोध**

सडक तपाई, हाम्रै सार्वजानिक सम्पत्ति हो । यसको संरक्षण र संम्बर्द्धन गरौं । सडम अत्तिक्रमण हुनबाट जोगाऔं । सडक आसपासका बोटबिरूवाहरू संरक्षण गरौं । पर्यावरण जोगाऔं । सडक आसपासमा हुने कुनै प्रकारको अवरोध खडा नगरौं । सडक आसपास फोहोर नफालौं । स्वच्छ र सफा बनाऔं । सभ्य बनौं र सभ्य नागरिकको पहिचान दिऔं ।

**डिभिजन सडक कार्यालय**
विराटनगर, मोरङ
सम्पर्क: ०२१-५२२१७७

# एम्बुलेन्स रोक्ने नीति : गुणस्तर सुधार कि स्वास्थ्य सेवामाथिको अर्को बोझ?

इटहरी । सरकारले एम्बुलेन्स सेवालाई मापदण्डभित्र ल्याउने उद्देश्यले १० वर्षभन्दा पुराना एम्बुलेन्स सञ्चालनमा रोक लगाउने निर्णय गरेको छ। नयाँ निर्देशिकाअनुसार स्वास्थ्य संस्थाले सञ्चालन गरेका र आवश्यक उपकरण तथा स्वास्थ्यकर्मीसहितका एम्बुलेन्सले मात्रै सञ्चालन अनुमति र नवीकरण पाउनेछन् । नीति हेर्दा यसको उद्देश्य स्पष्ट छ– बिरामीलाई सुरक्षित, गुणस्तरीय र व्यवस्थित एम्बुलेन्स सेवा उपलब्ध गराउने । तर यही निर्णयले अहिले अर्को प्रश्न जन्माएको छ- गुणस्तर सुधार्ने नाममा सरकारले सेवा नै खुम्च्याइरहेको त होइन?


फाइल तस्बिर

देशभर करिब दुई हजार एम्बुलेन्स सञ्चालनबाट बाहिरिएको संयुक्त एम्बुलेन्स चालक संघको दाबी छ। तीमध्ये अधिकांश रेडक्रस, रोटरी, लायन्स, विभिन्न सामाजिक संस्था तथा गैरसरकारी संघसंस्थाले सञ्चालन गरेका एम्बुलेन्स हुन् । ती एम्बुलेन्स केवल सवारी साधन थिएनन्, ग्रामीण क्षेत्रका बिरामीका लागि अस्पताल पुग्ने भरपर्दो माध्यम थिए । आज ती कार्यालय परिसरमा थन्किएका छन् भने तिनमा आश्रित हजारौं चालक तथा कर्मचारी रोजगारीविहीन बनेका छन् ।

सरकारको तर्क पनि अस्वाभाविक छैन । एम्बुलेन्सभित्र जीवनरक्षक उपकरण, अक्सिजन, प्राथमिक उपचार सामग्री र प्रशिक्षित स्वास्थ्यकर्मी अनिवार्य हुनुपर्छ । बिरामी बोकेको गाडी केवल 'एम्बुलेन्स' लेखिएको चारपाङ्ग्रे सवारी मात्र हुन सक्दैन । विगतमा मापदण्डबिना सञ्चालन भएका केही एम्बुलेन्सबाट विकृति पनि देखिएका थिए । त्यसैले सेवा व्यवस्थित बनाउने सरकारको प्रयासलाई अस्वीकार गर्न सकिँदैन ।

तर नीति बनाउँदा त्यसको कार्यान्वयन पक्ष पनि उत्तिकै महत्वपूर्ण हुन्छ । यदि सरकारले १० वर्ष पुराना एम्बुलेन्स तत्काल हटाउने निर्णय गर्छ भने त्यसको विकल्प पनि सँगसँगै दिनुपर्छ । नयाँ एम्बुलेन्स दर्ता गर्ने प्रक्रिया सहज छ कि छैन? सामाजिक संस्थाले नयाँ एम्बुलेन्स सञ्चालन गर्न पाएका छन् कि छैनन्? ग्रामीण क्षेत्रमा सेवा कसरी निरन्तर रहनेछ? यी प्रश्नको स्पष्ट उत्तर अहिलेसम्म देखिएको छैन ।

यही कमजोरीका कारण अहिले धेरै जिल्लामा एम्बुलेन्स सेवा प्रभावित हुन थालेको छ । चालकहरूले रोजगारी गुमाएका छन् भने बिरामीले आकस्मिक अवस्थामा समयमै सेवा नपाउने जोखिम बढेको छ । सेवा सुधार गर्ने नीति अन्ततः सेवामै अवरोध बन्न पुग्यो भने त्यसको उद्देश्य नै कमजोर हुन्छ ।

झापामा पनि यो विषय उत्तिकै सान्दर्भिक छ । जिल्लामा सरकारी, निजी, रेडक्रस, स्थानीय तह तथा सामाजिक संस्थामार्फत ठूलो संख्यामा एम्बुलेन्स सञ्चालनमा छन् । यदि तीमध्ये उल्लेख्य संख्या १० वर्ष नाघेका कारण थन्किएका छन् भने त्यसको असर सबैभन्दा बढी ग्रामीण पालिकाका बिरामीले भोग्नुपर्नेछ । झापाजस्तो ठूलो जिल्लामा एउटा एम्बुलेन्स कम हुनु भनेको कुनै गाउँबाट अस्पताल पुग्न लाग्ने समय बढ्नु हो, र कतिपय अवस्थामा त्यो समय नै जीवन र मृत्युबीचको दूरी बन्न सक्छ ।

सरकारले मापदण्ड कार्यान्वयन गर्नुपर्छ, तर मापदण्ड लागू गर्ने नाममा सेवाको पहुँच घटाउनु हुँदैन । बरु पुराना एम्बुलेन्सलाई चरणबद्ध रूपमा विस्थापन गर्ने, नयाँ एम्बुलेन्स खरिदका लागि सहुलियत दिने, सामाजिक संस्थालाई पनि कडा मापदण्डभित्र सञ्चालन गर्न दिने र प्रभावकारी अनुगमन गर्ने नीति अझ व्यवहारिक हुन सक्छ । खराब सेवा बन्द गर्नुपर्छ, तर राम्रो सेवा पनि बन्द हुनु हुँदैन ।

एम्बुलेन्स स्वास्थ्य सेवाको पहिलो ढोका हो । त्यो ढोका बन्द गरेर गुणस्तर सुधारको दाबी गर्नु व्यवहारिक देखिँदैन । राज्यको दायित्व केवल मापदण्ड बनाउनु मात्र होइन, नागरिकले समयमै सेवा पाउने वातावरण सुनिश्चित गर्नु पनि हो । त्यसैले सरकारले आफ्नो निर्णयको प्रभाव पुनः मूल्याङ्कन गर्दै सेवा, सुरक्षा र पहुँचबीच सन्तुलन कायम गर्ने उपाय खोज्नु अहिलेको आवश्यकता बनेको छ ।

## चर्चामा यो साता

◆ नेकपा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'

४८औँ पुष्पलाल स्मृति दिवसमा बोल्दै सबै दलले संयुक्त रूपमा आन्दोलन गरे एकैदिन सत्ता परिवर्तन सम्भव हुने अभिव्यक्ति दिए । वामपन्थी एकता, साझा न्यूनतम कार्यक्रम र वर्तमान सरकारविरुद्ध सशक्त प्रतिरोध आवश्यक रहेको धारणा राखे । नेपालमा वैदेशिक हस्तक्षेप बढेको र सुरक्षा संयन्त्रको भूमिकामाथि समीक्षा आवश्यक रहेको दाबी पनि गरे ।

◆ नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओली

पुष्पलाल स्मृति दिवसकै कार्यक्रममा माओवादी जनयुद्धलाई सत्ता कब्जाका लागि गरिएको हिंसात्मक आन्दोलनको रूपमा टिप्पणी गरे । उनले कम्युनिस्ट आन्दोलन वैचारिक स्पष्टता र राष्ट्रिय हितको पक्षमा उभिनुपर्ने बताए ।

◆ नेकपा (एकीकृत समाजवादी) नेता माधवकुमार नेपाल

वामपन्थी शक्तिबीच संवाद, सहकार्य र एकताको आवश्यकता औंल्याउँदै व्यक्तिगत स्वार्थभन्दा विचारलाई प्राथमिकता दिनुपर्ने धारणा व्यक्त गरे ।

◆ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)

सहकारी प्रकरण, भ्रष्टाचार अनुसन्धान र सरकारको कार्यशैलीबारे संसद् तथा सार्वजनिक कार्यक्रममा सरकारमाथि दबाब बढाउने रणनीतिलाई निरन्तरता दियो ।

◆ हर्कराज राई

सामाजिक सञ्जालमार्फत सरकार, प्रशासन र परम्परागत दलमाथि तीखा टिप्पणी गर्दै फेरि चर्चामा रहे । उनका अभिव्यक्तिमाथि समर्थन र आलोचना दुवै देखियो ।

◆ नेपाल राष्ट्र बैंक

डिजिटल वालेट प्रयोगकर्ताका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने नयाँ व्यवस्था सार्वजनिक गऱ्यो । यसलाई डिजिटल वित्तीय कारोबार थप सुरक्षित र पारदर्शी बनाउने कदमका रूपमा व्याख्या गरियो ।

◆ अख्तियार दुरुपयोग अनुसन्धान आयोग

राहदानी छपाइ ठेक्का अनियमितता प्रकरणमा पूर्वपरराष्ट्रमन्त्रीसहित १८ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गर्दै भ्रष्टाचार अनुसन्धानलाई थप तीव्र बनायो ।

◆ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

देशभर जलन उपचार (बर्न युनिट) विस्तारको अभियानलाई अघि बढाउँदै संघीय र प्रादेशिक अस्पतालमा सेवा विस्तार भइरहेको जानकारी दियो । मानसिक स्वास्थ्य र जलन उपचारलाई प्राथमिकतामा राखिएको पनि जनाएको छ ।

◆ समाजमा चर्चा

एक सातामै भएका आत्मदाहका घटनाले मानसिक स्वास्थ्य, बेरोजगारी, सामाजिक असुरक्षा र राज्यको उत्तरदायित्वबारे राष्ट्रिय बहसलाई तीव्र बनायो । हरिशयनी एकादशी पनि देशभर श्रद्धापूर्वक मनाइयो ।

## दिमागमा राखौं

*मानिसलाई कुनै पनि कार्यमा निरन्तर अघि बढ्न उत्प्रेरणाको नियमित तथा अपरिहार्य आवश्यकता हुन्छ । जसरी शरीरलाई बाँच्नका लागि नियमित पौष्टिक आहारको जरूरी हुन्छ, त्यसरी नै हाम्रो मस्तिष्कले कुनैपनि कार्य स्वतःस्फूर्त रूपमा सही ढङ्गले सम्पन्न गर्नका लागि आन्तरिक ऊर्जाको जरूरी हुन्छ । आज हामी तपाईहरूलाई सकारात्मक उत्प्रेरणा जगाउने १२ ज्ञानगुनका कुरा बताउन गईरहेका छौं । पढौं ती ज्ञानगुनका कुराहरू:*

१. नेपालमा कुन जिल्लालाई सर्बप्रथम बर्डफ्लु संकटग्रस्त क्षेत्र घोषणा गरियो ?

उत्तर - भक्तपुर

२ नेपालमा पहिलो पटक बिज्ञान दिवस कहिले मनाइयो ?

उत्तर - बि.स. २०७० असोज १

३ दक्षिणी सुडान अफ्रिकाको कतिऔ राष्ट्र हो ?

उत्तर - ५४ औ

४. इरानको राष्ट्रपति हसन रुहानी कहिले बिजय भए ?

उत्तर - सन् २०१३ जुन १५

५ ५६ औ सहकारी दिवस , २०६९ को नारा के थियो ?

उत्तर - स्वाधीन अर्थतन्त्रका लागि सहकारी

६. ध्व्ज्इ को स्थापना कहिले भएको हो ?

उत्तर - सन् १९४८ अप्रिल ७

७. घोडाघोडी ताल कुन जिल्लामा पर्दछ ?

उत्तर - कैलाली

८. तीन हप्तादेखि हराई रहेको मलेशियाको बिमान कुन हो ?

उत्तर - :ज्घठण

९. नेपालको नया महान्यायाधिवक्ताको नाम भन्नुहोस ?

उत्तर - बाबुराम कुवर

१०. न्यायशास्त्रका पिता भनेर कुन ऋषिलाई बुझाउँछ ?

- गौतम ऋषि

११. माल्दिभ्सको प्रमुख कृषिबाली कुन हो ?

-नरिवल

१२. दाँत नहुने कुन हो ?

- कछुवा

१३. धागो बाधेर आएको चिठीले केको सङ्केत गर्दछ ?

- मृत्यु

१४. २०७० मा नेपाल भ्रष्टचार हुने देशको कति औंस्थानमा परेको छ ?

- ११७ औं

१५. अर्घाखाँचीको मसिने लेखमा भएको बिमान दुर्घटना नेपालमा भएको कतिऔं बिमान दुर्घटना हो ?

-७७ औं

## नयाँ निर्देशिकाले एम्बुलेन्स सेवा प्रभावित

**इटहरी । सरकारले लागू गरेको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका-२०८२ पछि देशभर करिब दुई हजार एम्बुलेन्स सञ्चालनबाट बाहिरिएका छन्। १० वर्षभन्दा पुराना एम्बुलेन्स सञ्चालनमा रोक लगाएसँगै हजारौं चालक बेरोजगार बनेका छन् भने विशेषगरी ग्रामीण क्षेत्रमा आकस्मिक स्वास्थ्य सेवा प्रभावित हुने चिन्ता बढेको छ।**

**नयाँ व्यवस्थाअनुसार स्वास्थ्य संस्थाले सञ्चालन गरेका एम्बुलेन्स मात्र नवीकरण हुने, एम्बुलेन्समा अनिवार्य स्वास्थ्यकर्मी र आवश्यक उपकरण हुनुपर्ने व्यवस्था गरिएको छ। सरकारको उद्देश्य सेवा सुरक्षित र गुणस्तरीय बनाउनु भए पनि कार्यान्वयनका कारण रेडक्रस, रोटरी, लायन्सलगायत सामाजिक संस्थाले सञ्चालन गरेका धेरै एम्बुलेन्स थन्किएका छन्।**

**संयुक्त एम्बुलेन्स चालक संघका अनुसार रूपन्देहीमा ९७ मध्ये १६ र प्यूठानमा सात एम्बुलेन्स सञ्चालनबाट बाहिरिएका छन्। झापासहित अन्य जिल्लामा पनि यस्तै अवस्था देखिएको भए पनि एकीकृत तथ्यांक सार्वजनिक भएको छैन।**

**चालक संघले पुराना एम्बुलेन्स विस्थापनसँगै नयाँ एम्बुलेन्स दर्ता र सञ्चालन प्रक्रिया सहज बनाउन, सामाजिक संस्थालाई मापदण्डअनुसार सेवा सञ्चालन गर्न दिन तथा चालकलाई बीमा सुविधा उपलब्ध गराउन सरकारसँग माग गरेको छ।**

**समाधान...**पक्षलाई आग्रह गरेको छ। संगठनले मृतक परिवारलाई क्षतिपूर्ति, घाइतेको उपचार र दोषीमाथि तत्काल कानुनी कारबाहीको माग गरेको छ ।

घटनापछि सुनसरीका इनरुवा, देवानगञ्ज, हरिनगर, कोशी, बर्जु र भोक्राहा नरसिंह गाउँपालिकाले स्थानीय शोक बिदा दिएका छन् । देवानगञ्ज र इनरुवाले दुई दिन तथा अन्य चार स्थानीय तहले एक दिन बिदा घोषणा गरेका छन् ।

आइतबार राति बोलबम यात्राका क्रममा दुई समूहबीच भएको विवाद हिंसात्मक झडपमा परिणत भएपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले गोली चलाउँदा देवानगञ्ज-४ का २५ वर्षीय ओमप्रकाश मेहताको मृत्यु भएको थियो । घटनामा नौ जना सर्वसाधारण तथा नेपाल प्रहरी र सशस्त्र प्रहरीका सुरक्षाकर्मीसमेत घाइते भएका छन् । त्यसपछि गृह मन्त्रालयले पाँच सदस्यीय छानबिन समिति गठन गर्नुका साथै सुनसरीका प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी र सशस्त्र प्रहरीका जिल्लास्तरीय प्रमुखहरूको सरुवा गरिसकेको छ । आन्दोलनकारीहरूले निष्पक्ष छानबिन, दोषीमाथि कारबाही र पीडित परिवारलाई न्याय सुनिश्चित नभएसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएका छन् ।

## पाठकको पूर्पुरो

ज्योतिष आशिष नेपाल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
यो साता रोकिएका कामले गति लिने संकेत देखिन्छ। व्यवसाय तथा जागिरमा नयाँ अवसर प्राप्त हुन सक्छ। पारिवारिक सहयोगले मनोबल बढ्नेछ। आर्थिक पक्षमा सुधार आउनेछ भने साताको अन्त्यतिर अनावश्यक खर्च बढ्न सक्छ। स्वास्थ्य र खानपानमा विशेष ध्यान दिनुहोला।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)**
मित्र तथा सहकर्मीको सहयोगले महत्वपूर्ण जिम्मेवारी पूरा गर्न सफल भइनेछ। अध्ययन, व्यापार र सामाजिक क्षेत्रमा सकारात्मक उपलब्धि मिल्नेछ। धैर्य र संयम अपनाए राम्रो प्रतिफल प्राप्त हुनेछ। साताको अन्त्यमा पारिवारिक जमघट वा शुभकार्यमा सहभागी हुने योग छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
नयाँ योजना अघि बढाउने समय अनुकूल छ। मेहनतअनुसार उपलब्धि प्राप्त हुने देखिन्छ। आर्थिक लाभका अवसर बढ्नेछन्। साथीभाइसँगको भेटघाटले मन प्रफुल्ल रहनेछ। खर्च नियन्त्रणमा राख्न सके बचत बढ्नेछ। स्वास्थ्यमा सामान्य सजगता आवश्यक छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
आफ्नो प्रतिभा र सिर्जनशीलताले प्रशंसा प्राप्त हुनेछ। परिवारबाट राम्रो साथ र हौसला मिल्नेछ। धार्मिक तथा सामाजिक कार्यमा रुचि बढ्नेछ। वैदेशिक वा लामो यात्राको योजना बन्न सक्छ। धैर्यका साथ निर्णय लिनु उपयुक्त हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
बोली र व्यवहारले बिग्रँदै गएको सम्बन्ध सुधार्ने अवसर मिल्नेछ। कार्यक्षेत्रमा नयाँ जिम्मेवारी आउन सक्छ। स्वास्थ्यमा सामान्य समस्या देखिन सक्ने भएकाले आराम र सन्तुलित भोजनमा ध्यान दिनु राम्रो हुनेछ। यात्राको सम्भावना पनि देखिन्छ।

**कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)**
आवेगमा निर्णय नगर्नु राम्रो हुनेछ। पारिवारिक विषयमा समझदारी अपनाउँदा सम्बन्ध सुदृढ बन्नेछ। व्यापार तथा पेशामा प्रगतिको संकेत छ। नयाँ चिनजानबाट भविष्यका अवसर खुल्न सक्छन्। बोलीमा संयम अपनाउनु लाभदायक हुनेछ।

**तुला (रा, रि, रू, रे, रो, ता, ति, तु, ते)**
अधुरा काम पूरा हुने सम्भावना छ। नयाँ मित्र तथा शुभचिन्तकको साथ मिल्नेछ। आर्थिक पक्ष मजबुत बन्नेछ। घरपरिवारसँग रमाइलो समय बित्नेछ। साताको अन्त्यतिर छोटो यात्रा वा मनोरञ्जनको अवसर प्राप्त हुन सक्छ।

**वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
आर्थिक लाभका अवसर प्राप्त हुनेछन्। पुराना विवाद समाधानतर्फ उन्मुख हुनेछन्। घरायसी विषयमा धैर्य अपनाउनु आवश्यक छ। व्यवसायमा नयाँ योजना सफल हुने संकेत देखिन्छ। स्वास्थ्य सामान्य रहनेछ।

**धनु (ये, यो, भा, भि, भु, ध, फा, ढा, भे)**
रोकिएका काममा पुनः प्रयास गर्दा सफलता मिल्नेछ। अध्ययन, प्रतियोगिता तथा रोजगारीमा राम्रो समाचार प्राप्त हुन सक्छ। सवारी चलाउँदा सावधानी अपनाउनुहोला। समयको सदुपयोग गर्न सके उल्लेखनीय उपलब्धि हात पर्नेछ।

**मकर (भो, जा, जि, खि, खु, खे, खो, गा, गि)**
अनावश्यक खर्च बढ्न सक्ने भएकाले आर्थिक योजना बनाएर अघि बढ्नु उपयुक्त हुनेछ। प्रेम सम्बन्धमा विश्वास बढ्नेछ। पेशागत क्षेत्रमा नयाँ अवसर आउन सक्छ। हतारमा निर्णय नगरी अनुभवीको सल्लाह लिनु राम्रो हुनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा)**
सामाजिक तथा व्यावसायिक क्षेत्रमा सम्मान प्राप्त हुने सम्भावना छ। नयाँ साथी र नयाँ अवसरले उत्साह थप्नेछ। मौसम परिवर्तनका कारण स्वास्थ्यमा सामान्य असर पर्न सक्छ। पारिवारिक वातावरण सुखद रहनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)**
मेहनतको प्रतिफल प्राप्त हुने साताको संकेत छ। अध्ययन, व्यवसाय र जागिरमा प्रगति हुनेछ। अभिभावक तथा अग्रजको सुझाव फलदायी रहनेछ। धार्मिक तथा आध्यात्मिक गतिविधिप्रति आकर्षण बढ्नेछ। स्वास्थ्य र मानसिक अवस्था सन्तुलित रहनेछ।

भोको मानिसलाई ज्ञान र शास्त्रको अर्थ छैन। त्यस्ता मानिसको कल्याण गर्ने हो भने ज्ञान, शिक्षा र प्रवचन दिनतिरभन्दा खाना दिनतिर ध्यान दिनुपर्छ।

- गौतम बुद्ध

युवा जागरण मिडिया प्रा.लि. द्वारा प्रकाशित

राष्ट्रिय युवा जागरण साप्ताहिक
राष्ट्र, राष्ट्रियता र लोकतन्त्रप्रति प्रतिबद्ध

प्रधान सम्पादक/प्रकाशक: खगेन्द्र कार्की

डेस्क प्रमुख : सुप्रिया राई, संवाददाता सृजना कार्की

कानुनी सल्लाहकार : केदार कार्की (अधिवक्ता/कानुन व्यवसायी)

साजसज्जा : राष्ट्रिय युवा जागरण डेस्कटप
कार्यालय : विराटनगर, बरगाछी मोरङ,
मुद्रण : सामुदायिक अफसेट प्रेस, इटहरी
सम्पर्क : मोबाइल नं. ९८६२१४४८७५,
इटहरी कार्यालय : इटहरी-८, सुनसरी
फोन नं. ०२५-५८८६३२, मोबाइल नं. ९८६२१४४८७५
इमेल : yuvajagaranmedia@gmail.com

Website:
fastmedianepal.com
Facebook :
Rastriya yuva Jagaran
Online Patrika

## सम्पादकीय

# सद्भावको रक्षा, सत्यको खोजी

कुनै पनि समाजको वास्तविक शक्ति उसका भवन, सडक वा बजारले होइन, त्यहाँ बस्ने मानिसहरुबीचको विश्वासले मापन हुन्छ । त्यो विश्वासमा दरार पर्न थालेपछि सबैभन्दा ठूलो क्षति भौतिक संरचनाले होइन, समाजको आत्माले बेहोर्नुपर्छ । सुनसरीको देवानगञ्जमा भएको हिंसात्मक घटनाले यही गम्भीर सन्देश दिएको छ ।

बोलबम यात्राका क्रममा सुरू भएको विवादले साम्प्रदायिक झडपको रुप लिनु, त्यसपछि प्रहरीको गोलीबाट एक युवाको मृत्यु हुनु, दर्जनौं व्यक्ति घाइते हुनु र आगजनी तथा तोडफोडसम्म पुग्नु कुनै पनि सभ्य समाजका लागि स्वीकार्य अवस्था होइन । अझ दुःखद पक्ष के हो भने, यस्ता घटनाले वर्षौंदेखि विभिन्न समुदायबीच बनेको विश्वास केही घण्टामै कमजोर बनाइदिन्छ ।

यस्ता संवेदनशील घटनामा भावनाले होइन, तथ्यले बोल्नुपर्छ । त्यसैले सरकारले पाँच सदस्यीय छानबिन समिति गठन गर्नु र जिल्ला प्रशासन कार्यालयमा बसेको सर्वदलीय तथा सर्वपक्षीय बैठकले अनुसन्धानमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता जनाउनु स्वागतयोग्य कदम हो । तर समिति गठन गर्नु मात्र पर्याप्त हुँदैन । अनुसन्धान निष्पक्ष, पारदर्शी र समयमै निष्कर्षमा पुग्नुपर्छ । दोषी जोसुकै भए पनि कानुनको कठघरामा उभिनुपर्छ । निर्दोषले न्याय पाउनुपर्छ र पीडित परिवारले राज्यप्रति विश्वास गर्ने आधार निर्माण हुनुपर्छ ।

घटनापछि सामाजिक सञ्जालमा फैलिने अपुष्ट सूचना र उत्तेजक अभिव्यक्तिले आगोमा घिउ थप्ने काम गर्छ । अहिले समाजलाई अफवाह होइन, सत्य चाहिएको छ । उत्तेजना होइन, संयम आवश्यक छ । कुनै पनि समुदायलाई समग्र रुपमा दोषी देखाउने प्रवृत्तिले समस्या समाधान गर्दैन, बरू विभाजनलाई गहिरो बनाउँछ ।

नेपालको पहिचान विविधतामा एकता हो । एउटै गाउँमा फरक धर्म, संस्कृति र समुदायका मानिस दशकौंदेखि सुख-दुःख साट्दै आएका छन् । केही व्यक्तिको गैरजिम्मेवार व्यवहारका कारण त्यो सामाजिक पूँजी नष्ट हुन दिनु हुँदैन । राजनीतिक दल, धार्मिक अगुवा, स्थानीय नेतृत्व, सञ्चारमाध्यम र नागरिक समाजले अहिले शान्ति र विश्वास पुनःस्थापनाको भूमिका निर्वाह गर्नुपर्छ ।

यस घटनाले सुरक्षा संयन्त्रमाथि पनि केही प्रश्न उठाएको छ । बल प्रयोगको अवस्था किन आयो ? गोली चलाउनु अपरिहार्य थियो कि थिएन ? यदि प्रक्रियागत कमजोरी भएको हो भने त्यसको पनि निष्पक्ष समीक्षा हुनुपर्छ । कानुन कार्यान्वयन गर्ने निकाय स्वयं कानुनी उत्तरदायित्वबाट माथि हुन सक्दैन ।

देवानगञ्जको घटना एउटा जिल्लाको मात्र समस्या होइन, यो सम्पूर्ण समाजका लागि चेतावनी हो । सामाजिक सद्भाव एकपटक भत्किएपछि त्यसलाई पुनःनिर्माण गर्न वर्षौं लाग्न सक्छ । त्यसैले अहिले सबैभन्दा ठूलो आवश्यकता प्रतिशोधको राजनीति होइन, न्यायको स्थापना होइन् आरोप-प्रत्यारोप होइन, सत्यको खोजी होइन् विभाजन होइन, सहअस्तित्वको रक्षा हो ।

समाजलाई बचाउने अन्तिम शक्ति हतियार होइन, विश्वास हो । त्यो विश्वास जोगाउन राज्य, राजनीतिक दल, सुरक्षा निकाय र नागरिक सबैले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पूरा गर्नैपर्छ । देवानगञ्जको पीडाले अब नयाँ घाउ होइन, नयाँ चेतना जन्माओस्–यही अपेक्षा ।

# वाम आन्दोलन : नारामा एकता, विभाजनमा अभ्यास



◆ खगेन्द्र कार्की

नेपालको कम्युनिस्ट आन्दोलनको इतिहास केवल एउटा राजनीतिक दलको इतिहास होइन, यो नेपालको लोकतान्त्रिक आन्दोलन, सामाजिक न्याय र वर्गीय समानताको खोजसँग जोडिएको इतिहास पनि हो। २००६ सालमा पुष्पलाल श्रेष्ठको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी स्थापना हुँदा यसको मूल उद्देश्य राणा शासनको अन्त्य, सामन्तवादको विरोध र श्रमिक(किसानको अधिकार स्थापित गर्नु थियो। त्यसबेला नेपाली कांग्रेस र कम्युनिस्ट आन्दोलनका उद्देश्य फरक भए पनि दुवैले निरंकुश राणा शासनको अन्त्यका लागि समानान्तर रूपमा संघर्ष गरेका थिए। २००७ सालको राजनीतिक परिवर्तनमा कम्युनिस्टहरूको प्रत्यक्ष भूमिका कांग्रेसको तुलनामा सीमित भए पनि जनचेतना विस्तार र राजनीतिक संगठन निर्माणमा उनीहरूको योगदान महत्वपूर्ण थियो।

तर विडम्बना, राणा शासनको अन्त्यपछि नेपाली कम्युनिस्ट आन्दोलनले अपेक्षित संस्थागत विकासभन्दा बढी विभाजनको इतिहास लेख्यो। २०१९ सालपछि पञ्चायती व्यवस्थाले सबै राजनीतिक दलमाथि प्रतिबन्ध लगाए पनि कम्युनिस्ट आन्दोलन भूमिगत रूपमा सक्रिय रह्यो। त्यस अवधिमा विचार, रणनीति र अन्तर्राष्ट्रिय प्रभावका आधारमा अनेक समूह बने। सोभियत र चिनियाँ कम्युनिस्ट आन्दोलनबीचको वैचारिक विवादको प्रभाव नेपालमा पनि देखियो। परिणामस्वरूप, कम्युनिस्ट आन्दोलन एकीकृत शक्तिका रूपमा अघि बढ्न सकेन।

२०४६ सालको जनआन्दोलनमा वामपन्थी दलहरूले नेपाली कांग्रेससँग सहकार्य गरेर बहुदलीय प्रजातन्त्र पुनःस्थापित गर्न महत्वपूर्ण भूमिका खेले। त्यसपछि नेकपा (एमाले) संसदीय राजनीतिमा स्थापित भयो भने विभिन्न क्रान्तिकारी धारहरू अलग(अलग रूपमा सक्रिय रहे। २०५२ सालमा तत्कालीन नेकपा (माओवादी) ले सशस्त्र जनयुद्ध सुरु गर्‍यो, जसले मुलुकलाई एक दशक लामो द्वन्द्वमा धकेल्यो। जनयुद्धले हजारौं नेपालीको ज्यान गयो, राज्य संरचना कमजोर बनायो र अन्ततः २०६३ सालको शान्ति सम्झौतामार्फत माओवादी मूलधारको राजनीतिमा प्रवेश गर्‍यो।

२०६२/६३ को जनआन्दोलनपछि नेपाली कम्युनिस्ट आन्दोलन इतिहासकै सबैभन्दा बलियो अवस्थामा पुगेको थियो। संविधानसभा निर्वाचनमा माओवादी सबैभन्दा ठूलो दल बन्यो, एमाले पनि शक्तिशाली रह्यो। गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताजस्ता ऐतिहासिक परिवर्तनमा वाम शक्तिको निर्णायक भूमिका रह्यो। तर सत्ता प्राप्तिपछि अपेक्षित राजनीतिक परिपक्वता देखिन सकेन। विचारभन्दा नेतृत्व, नीति भन्दा पद, र संगठनभन्दा शक्ति सन्तुलनको राजनीति हावी हुन थाल्यो। कम्युनिस्ट आन्दोलनभित्रको वैचारिक बहसभन्दा व्यक्तिगत प्रतिस्पर्धा, गुटबन्दी र नेतृत्व संघर्षले प्राथमिकता पायो।

यसको सबैभन्दा ठूलो उदाहरण २०७५ सालमा एमाले र माओवादी केन्द्रबीच भएको एकीकरण हो। दुई ठूला वाम दल एकीकृत भई नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बनेपछि धेरैले नेपालमा राजनीतिक स्थायित्वको नयाँ युग सुरु हुने अपेक्षा गरेका थिए। तर त्यो एकता वैचारिक आधारभन्दा सत्ता साझेदारी र नेतृत्व व्यवस्थापनमा आधारित रहेको केही वर्षमै स्पष्ट भयो। अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' बीचको शक्ति संघर्षले अन्ततः पार्टी विभाजनतर्फ पुर्‍यो। सर्वोच्च अदालतको फैसलापछि नेकपा विघटन भयो र एमाले तथा माओवादी केन्द्र पुनः अलग(अलग भए। यस घटनाले नेपाली कम्युनिस्ट आन्दोलनमा व्यक्तिकेन्द्रित राजनीतिले संस्थागत एकतालाई कसरी कमजोर बनाउँछ भन्ने स्पष्ट सन्देश दियो।

यही प्रवृत्ति आज पनि देखिन्छ। सार्वजनिक रूपमा कम्युनिस्ट एकताको पक्षमा भाषण गर्ने नेताहरू व्यवहारमा भने एकअर्काप्रति कटु टिप्पणी गर्न छाड्दैनन्। पुष्पलाल श्रेष्ठको स्मृति दिवसमा कम्युनिस्ट एकताको आवश्यकता औंल्याइन्छ, तर त्यही मञ्चबाट जनयुद्धको व्याख्या, विगतका निर्णय र नेतृत्वको आलोचना गरिन्छ। सहकार्यको कुरा गर्ने र समानान्तर रूपमा एकअर्कालाई अस्वीकार गर्ने यो दोहोरो प्रवृत्तिले कार्यकर्ता र समर्थकमाझ अन्योल सिर्जना गरेको छ।

पछिल्लो समय एमाले र माओवादी केन्द्रबीच पुनः कार्यगत सहकार्यको चर्चा भए पनि व्यवहारले त्यसलाई पुष्टि गर्न सकेको छैन। एकातिर प्रदेश सरकारमा सहकार्यको सम्भावना खोजिन्छ भने अर्कोतिर सार्वजनिक रूपमा नेताहरूले एकअर्काको नेतृत्व अस्वीकार गर्ने अभिव्यक्ति दिन्छन्। यसले सहकार्यको आधार वैचारिकभन्दा परिस्थितिजन्य र सत्ताकेन्द्रित रहेको संकेत गर्छ। इतिहासले पनि देखाएको छ कि नेपाली कम्युनिस्ट आन्दोलनका अधिकांश एकता दीर्घकालीन वैचारिक सहमतिका कारण होइन, तत्कालीन राजनीतिक आवश्यकताका कारण भएका थिए। आवश्यकता सकिएपछि विभाजन दोहोरिएको छ।

यसबीच देशको राजनीतिक परिवेश पनि बदलिएको छ। भ्रष्टाचार, कुशासन, आर्थिक मन्दी, बेरोजगारी र राजनीतिक अस्थिरताप्रति बढ्दो जनअसन्तुष्टिले विशेषगरी युवा पुस्तामा नयाँ राजनीतिक चेतना विकास भएको देखिन्छ। परम्परागत दलहरूले दशकौंदेखि गरेका विकास र सुशासनका प्रतिबद्धता व्यवहारमा रूपान्तरण गर्न नसकेको जनधारणा बलियो बनेको छ। यही असन्तुष्टिले सडकमा आन्दोलनको रूप लियो र निर्वाचनमा पनि त्यसको प्रभाव देखियो। मतदाताले दलगत निष्ठाभन्दा कार्यसम्पादन र जवाफदेहितालाई बढी महत्व दिन थालेका छन्। यो परिवर्तन केवल कम्युनिस्ट दलका लागि होइन, सबै राजनीतिक शक्तिका लागि चेतावनी हो।

कम्युनिस्ट आन्दोलनभित्र अर्को गम्भीर समस्या आत्मसमीक्षाको अभाव पनि हो। विश्वका स्थापित लोकतान्त्रिक मुलुकमा ठूला राजनीतिक वा प्रशासनिक असफलतापछि नेतृत्वले नैतिक जिम्मेवारी लिने परम्परा विकसित भएको छ। तर नेपालमा भने राजनीतिक असफलता, सरकार सञ्चालनका कमजोरी वा विवादास्पद घटनापछि जिम्मेवारी स्वीकार गर्नेभन्दा अरूमाथि दोष थोपर्ने प्रवृत्ति बढी देखिन्छ। यसले जनविश्वास झन् कमजोर बनाएको छ।

आज प्रतिपक्षमा रहेका वाम दलहरूको भूमिकामाथि पनि प्रश्न उठिरहेका छन्। लोकतान्त्रिक व्यवस्थामा प्रतिपक्षको दायित्व सरकारका कमजोरी औंल्याउनु, वैकल्पिक नीति प्रस्तुत गर्नु र जनसरोकारका विषय उठाउनु हो। तर यदि प्रतिपक्षको सम्पूर्ण ऊर्जा केवल सरकार परिवर्तनको राजनीतिक अभियानमा केन्द्रित हुन्छ र जनजीविकाका मुद्दा ओझेलमा पर्छन् भने त्यसले लोकतन्त्रलाई बलियो बनाउँदैन। त्यसैगरी सत्ता पक्षले पनि आलोचनालाई शत्रुताका रूपमा होइन, सुधारको अवसरका रूपमा लिनुपर्छ।

नेपाली कम्युनिस्ट आन्दोलनले विगतमा राष्ट्रिय परिवर्तनका महत्वपूर्ण अध्यायहरूको नेतृत्व गरेको इतिहास छ। राणा शासनविरुद्धको संघर्ष, पञ्चायतविरोधी आन्दोलन, २०४६ सालको जनआन्दोलन, २०६२/६३ को जनआन्दोलन र गणतन्त्र स्थापनामा वाम शक्तिको योगदान अस्वीकार गर्न सकिँदैन। तर इतिहासको त्यो योगदान मात्र भविष्यको राजनीतिक वैधताको आधार बन्न सक्दैन। जनताले अब विगतका उपलब्धिभन्दा वर्तमानको कार्यसम्पादन र भविष्यको दृष्टि हेर्न थालेका छन्।

त्यसैले नेपाली कम्युनिस्ट आन्दोलनको अहिलेको सबैभन्दा ठूलो चुनौती वैचारिक होइन, विश्वसनीयताको संकट हो। जबसम्म नेतृत्वले व्यक्तिगत अहम्, गुटीय स्वार्थ र सत्ता केन्द्रित सोचभन्दा माथि उठेर लोकतान्त्रिक राजनीतिक संस्कृतिको विकास गर्न सक्दैन, तबसम्म एकताको नारा केवल औपचारिक समारोहका भाषणमै सीमित रहनेछ। कम्युनिस्ट आन्दोलनको भविष्य एकताको घोषणाले होइन, आत्मसमीक्षा, संस्थागत लोकतन्त्र, जनउत्तरदायित्व र व्यवहारगत परिवर्तनले मात्र सुरक्षित हुन सक्छ। इतिहासले दिएको अवसरलाई जोगाउने कि विभाजन र अविश्वासको चक्रलाई निरन्तरता दिने भन्ने निर्णय अब स्वयं वाम नेतृत्वकै हातमा छ।

# यो साता कसले कसले के बोल्यो ?

**प्रधानमन्त्री बालेन्द्र (बालेन) शाह**



उद्योगी-व्यवसायीसँग लगातार छलफल गर्दै निजी क्षेत्रका गुनासा सुन्ने र लगानीको वातावरण सुधार गर्ने प्रतिबद्धता जनाए। भारत र चीनका राजदूतसँग छुट्टाछुट्टै भेटवार्ताको तयारी गर्दै कूटनीतिक संवादलाई निरन्तरता दिए।

**पुष्पकमल दाहाल 'प्रचण्ड' (नेकपा)**



पुष्पलाल स्मृति दिवसमा वर्तमान सरकारविरुद्ध आक्रामक अभिव्यक्ति दिए। सबै राजनीतिक दलले संयुक्त रूपमा जनदबाब सिर्जना गरे "एकै दिनमा सत्ता परिवर्तन सम्भव हुने" दाबी गरे। भदौ २३-२४ का घटनालाई "प्रतिक्रान्तिकारी परिघटना" भन्दै त्यसमा वैदेशिक हस्तक्षेप रहेको आरोप लगाए। नेपाललाई चीनविरोधी गतिविधिको केन्द्र बनाउन खोजिएको तथा "नेपालमा अर्को दलाई लामा जन्माउने प्रयास" भइरहेको दाबी गरे।

**केपी शर्मा ओली (नेकपा(एमाले)**



पुष्पलाल स्मृति दिवसमै तत्कालीन माओवादी जनयुद्धलाई "हिंसात्मक र सत्ता कब्जाको अभियान" भएको टिप्पणी गरे।

कम्युनिस्ट आन्दोलनलाई वैचारिक स्पष्टतासहित अघि बढाउनुपर्ने बताए भने माओवादी आन्दोलनको पुनर्मूल्यांकन आवश्यक रहेको धारणा राखे।

**महेश बस्नेत (नेकपा(एमाले)**

प्रधानमन्त्री बालेन शाह र गृहमन्त्री सुदन गुरुङसँग "हिसाब-किताब बाँकी रहेको" भन्दै कडा चेतावनी दिए। एमाले नेतृत्वविरुद्ध राजनीतिक प्रतिशोध भइरहेको आरोप लगाए।

**रञ्जित तामाङ (नेकपा)**

केपी शर्मा ओली नेतृत्वमा रहुन्जेल एमालेसँग कार्यगत सहकार्य सम्भव नरहेको अभिव्यक्ति दिए। वाम एकताको बहसभन्दा विश्वासको वातावरण निर्माण आवश्यक रहेको बताए।

**खुश्मु ओली (राप्रपा प्रमुख सचेतक)**

प्रधानमन्त्रीको सीमा सम्बन्धी अभिव्यक्तिले राष्ट्रिय सार्वभौमिकतामाथि प्रश्न उठाएको भन्दै संसदमा स्पष्ट जवाफ मागिन्। प्रधानमन्त्रीको सार्वजनिक अभिव्यक्ति व्यक्तिगत नभई राज्यको आधिकारिक धारणा हुने भएकाले जिम्मेवार हुनुपर्ने बताइन्।

## अवैध गतिविधिमा संलग्न विदेशीमाथि कडाइ

# साढे पाँच वर्षमा २,५५७ जना नेपालबाट डिपोर्ट

इटहरी । नेपाल सरकारले पछिल्ला वर्षहरूमा अवैध गतिविधिमा संलग्न विदेशी नागरिकमाथि निगरानी र कारबाही तीव्र बनाएको छ । अध्यागमन विभागका अनुसार सन् २०२१ देखि २०२६ जुलाई २६ सम्मको अवधिमा विभिन्न कसुरमा संलग्न २ हजार ५५७ जना विदेशी नागरिकलाई नेपालबाट निष्कासन (डिपोर्ट) गरिएको छ ।




पछिल्ला केही महिनामै नेपाल प्रहरीले काठमाडौंका ठमेल, दरबारमार्गलगायत पर्यटकीय क्षेत्रबाट अनैतिक गतिविधिमा संलग्न रहेको आरोपमा ५७ जना विदेशी महिलालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा युगान्डा, भियतनाम, थाइल्यान्ड, बंगलादेश, केन्या, इन्डोनेसियालगायत देशका नागरिक रहेका छन् । तीमध्ये ४७ जनालाई अध्यागमन विभागमार्फत डिपोर्ट गरिएको छ भने बाँकी १० जनामाथि अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

अध्यागमन विभागका निर्देशक तथा प्रवक्ता टीकाराम ढकालका अनुसार सन् २०२६ को जनवरी १ देखि जुलाई २६ सम्म मात्रै २८७ जना विदेशी नागरिकलाई नेपालबाट निष्कासन गरिएको छ। उनका अनुसार पछिल्ला महिनादेखि विभाग आफैंले पनि अवैध गतिविधिमा संलग्न विदेशीको खोजी, नियन्त्रण र अनुसन्धानलाई सक्रिय बनाएको छ ।

नेपालले भिसाको उद्देश्यविपरीत बसोबास गर्ने, भिसा अवधि सकिएपछि पनि नेपालमै बस्ने (ओभरस्टे), लागूऔषध कारोबार, मानव बेचबिखन, संगठित अपराध, विदेशी मुद्रा अपचलन, अभद्र व्यवहारलगायतका कसुरमा संलग्न विदेशीलाई कानुनी प्रक्रिया पूरा गरी डिपोर्ट गर्दै आएको छ ।

विभागको तथ्यांकअनुसार पछिल्ला साढे पाँच वर्षमा डिपोर्ट गरिएका विदेशीमध्ये सबैभन्दा धेरै चिनियाँ नागरिक रहेका छन् । कुल डिपोर्टमध्ये करिब २७.१८ प्रतिशत अर्थात् सबैभन्दा ठूलो हिस्सा चिनियाँ नागरिकको रहेको विभागले जनाएको छ ।

सन् २०२५ मा मात्रै नेपालले ५२३ जना विदेशीलाई निष्कासन गरेको थियो । तीमध्ये ४०९ जना भिसा अवधि समाप्त भएपछि पनि नेपालमै बसिरहेका ओभरस्टे भएका विदेशी थिए । सो वर्ष १२० जना चिनियाँ, ७५ जना बंगलादेशी, ३५ जना अमेरिकी, २२ जना बेलायती, १८ जना पाकिस्तानी तथा अन्य विभिन्न देशका नागरिक डिपोर्ट भएका थिए ।

वर्षगत तथ्यांकले पनि नेपालबाट निष्कासन हुने विदेशीको संख्या बढ्दो क्रममा रहेको देखाउँछ । सन् २०२१ मा २१८ जना विदेशी डिपोर्ट गरिएका थिए । त्यसमा ३४ जना चिनियाँ, १९ जना अमेरिकी, १६ जना बेलायती, १२ जना पाकिस्तानी, ११ जना दक्षिण कोरियाली र १०१ जना अन्य देशका नागरिक थिए ।

सन् २०२२ मा डिपोर्ट हुने विदेशीको संख्या उल्लेख्य रूपमा बढेर ५७० पुगेको थियो । त्यतिबेला १९१ जना चिनियाँ, ४८ जना अमेरिकी, ३७ जना बेलायती, १९ जना फ्रान्सेली, १८ जना पाकिस्तानी र २५७ जना अन्य देशका नागरिकलाई नेपालबाट निष्कासन गरिएको थियो ।

सन् २०२३ मा यो संख्या केही घटेर ४५८ पुगे पनि चिनियाँ नागरिकको संख्या भने सबैभन्दा बढी २०९ थियो । त्यस्तै ३७ जना अमेरिकी, १९ जना बंगलादेशी, १९ जना उज्बेक, १८ जना बेलायती तथा १५६ जना अन्य देशका नागरिक डिपोर्ट भएका थिए ।

सन् २०२४ मा फेरि डिपोर्ट हुने विदेशीको संख्या बढेर ५०१ पुगेको थियो । उक्त वर्ष १४१ जना चिनियाँ, ५४ जना अमेरिकी, ५१ जना बंगलादेशी, ३० जना पाकिस्तानी, २१ जना बेलायती र २०४ जना अन्य देशका नागरिकलाई नेपालबाट निष्कासन गरिएको विभागको तथ्यांकमा उल्लेख छ ।

विभागका अनुसार सन् २०२१ मा २१८, २०२२ मा ५७०, २०२३ मा ४५८, २०२४ मा ५०१, २०२५ मा ५२३ तथा सन् २०२६ को जुलाई २६ सम्म २८७ जना विदेशी डिपोर्ट भइसकेका छन् ।

अध्यागमन विभागको दीर्घकालीन तथ्यांकले सन् २०१४ देखि २०२६ जुलाई २६ सम्मको साढे १२ वर्षमा नेपालले कुल ५ हजार ५९६ जना विदेशी नागरिकलाई विभिन्न कानुनी आधारमा निष्कासन गरेको देखाएको छ । विभागले नेपालमा बसोबास गर्ने विदेशीले भिसाको सर्त र प्रचलित कानुन पालना नगरे कडा कारबाही तथा निष्कासनको प्रक्रिया निरन्तर जारी रहने जनाएको छ ।

## कपाल झर्ने रोग निदान — स्वास्थ्य टिप्स

बदलिँदो जीवनशैली र बदलिँदो मौसमका कारण अधिकांश मानिस कपाल झर्ने समस्याबाट पीडित छन् । कपाल झर्नुका कारण धेरै मानिस तालुपनको सिकार पनि हुन्छन्। यस्तो अवस्थामा कपालको विशेष ख्याल राख्नु जरुरी हुन्छ । कपाल झर्नबाट जोगाउन मानिसहरु विभिन्न प्रोडक्टहरु प्रयोग गर्छन् । तर यी उत्पादनमा केमिकल हुन्छन्। जसले कपाललाई हानी पुर्याउन सक्छ । यस्तो अवस्थामा कपाल झर्न रोक्न चाहनुहुन्छ भने केही घरेलु उपाय अपनाएर यस समस्याबाट मुक्ति पाउन सक्नुहुन्छ ।



**यी हुन् २५ घरेलु उपचार**

- कागतीको बीउलाई पिसेर कपाल खुइलिएको ठाउँमा लेप गर्नाले कपाल उम्रिन्छ ।
- कपाल झर्ने समस्याबाट बच्न नरिवलको तेलमा अलिकति मेथीको दाना हालेर पकाउनुहोस् । त्यसपछि यो तेललाई छानेर बोतलमा राख्नुहोस् । यो तेल नियमित प्रयोग गर्नुहोस् ।
- कागतीको ताजा बोक्रालाई पानीमा हालेर उमाल्नुहोस् । बोक्रा पूरै नगलुञ्जेलसम्म उमाल्नुहोस् । पछि यो पानीलाई विस्तारै-विस्तारै टाउकोमा रगड्नुहोस्। यसबाट टाउकोको पूरै मैला निस्किन्छ तथा कपाल झर्नबाट रोकिन्छ ।
- कपालमा अमलाको रसले मालिस गर्नुहोस् खुइलिएको ठाउँमा नयाँ कपाल उम्रिन थाल्नेछ ।
- कपाल अधिक झर्न थाल्यो भने अफिमलाई गाईको ताजा दूधमा मिसाएर पेस्ट बनाउनुहोस् ।
- नुहाउनुभन्दा दुई घण्टा पहिले लगाउनुहोस् ।
- लसुनको तेल लगाउनाले कपाल सुक्खा भएको समस्या हट्छ र कपाल झर्न रोकिन्छ
- काउली र बन्दा नियमित खानाले कपाल झर्न कम हुन्छ ।
- मासको दाललाई उमालेर सिलौटामा पिस्नुहोस् । त्यो लेप टाउकोमा लगाउनुहोस्
- एक सय ग्राम निमको पातलाई एक लिटर पानीमा उमाल्नुहोस् । त्यो पानीले टाउको धुनुहोस् । टाउकोमा आएका फोका हट्नेछन् साथै खुइलिएको भागमा कपाल उम्रिन थाल्नेछ। टाउको धोइसकेपछि निमको तेल लगाउनुहोस् ।
- अनारको पात पिसेर टाउकोमा लेप गर्नाले खुइलिएको स्थानमा कपाल पलाउँछ ।
- बन्दाको रसले यदि निरन्तर टाउको मालिस गर्नाले कपाल खुइलिने, कपाल टुक्रिने, कपाल झर्ने आदि समस्याबाट बच्न सकिन्छ
- खुइलिएको ठाउँमा हरियो धनियाँको रस लगाउनाले कपाल उम्रिन थाल्छन् ।
- टाउकोमा कतै कपालको गुच्छा नै उडेको छ भने त्यहाँ नियमित दुई महिनासम्म कागती रगड्नुहोस्। यसो गर्नाले कपाल उम्रिनेछन् ।
- नरिवलको तेललाई पानीमा मिलाएर टाउकोमा लगाउनाले कपाल झर्न रोकिनेछ ।
- केराको बोक्राको मालिसले कपाल झर्ने समस्या हट्छ ।
- मौसम परिवर्तन हुँदा यदि कपाल झर्न थाल्छ यसो हुँदा ताजा सयपत्रीका पात मिचेर १/२ घण्टासम्म लगाएर धुनुहोस् ।
- हप्तामा एक या दुई पटक आधा कचौरा दहीमा एउटा कागती निचोरेर कपालमा लगाउनुहोस् । त्यसपछि कपाल पखाल्नुहोस् यसो गर्दा कपालको जरा बलियो हुन्छ ।
- एउटा कागतीको रस, आधा कचौरा तेलमा मिलाएर सुत्ने बेला कपालमा लगाउनुहोस्, बिहान कपाल पखाल्नुहोस्। रुखोपन हट्छ र कपाल झर्न बन्द हुनेछ ।
- महमा कागतीको रस मिलाएर कपालको जरामा लगाउनुहोस्। आधा घण्टापछि टाउको धुनुहोस्। एक महिनासम्म हप्तामा दुई पटक यसो गर्दा कपाल झर्न रोकिनेछ ।
- काँक्राको रस खुइलिएको भागमा लगाउनुहोस्, नयाँ कपाल उम्रिन थाल्नेछ ।

## ज्ञानमाला

**कुन देशमा श्रीमती सुत्केरी हुदाँ कर्मचारी लोग्नेलाई पनि बिदा दिइन्छ ?**
- स्वीडेन

**सबैभन्दा बढि धान खेती गर्ने देश कुन हो ?**
- चीन

**विश्वमा सबैभन्दा बढि साइकल प्रयोग गर्ने देश कुन हो ?**
- चीन

**विश्वको सबैभन्दा बढि चाँदी उत्पादन गर्ने देश कुन हो ?**
- मेक्सिको

**विश्वको सबैभन्दा धेरै बाघ भएको देश कुन हो ?**
- भारत

**सबैभन्दा बढि अफिम उत्पादन गर्ने देश कुन हो ?**
- अफगानिस्थान

**सबैभन्दा बढि मतदाता भएको देश कुन हो ?**
- भारत

**ब्यङ्ग्य चित्र अर्थात काटुनको सुरूवाद गर्ने देश कुन हो ?**
- नेदरल्याण्ड

**सबैभन्दा बढि घरपालुवा जनावर भएको देश कुन हो ?**
- भारत

**पत्रिकामा सम्पादकीय लेख्ने चलनको सुरूवाद कहाँबाट भएको हो ?**
- फ्रान्स

**विश्वको सबैभन्दा बढि हुलाक भएको देश कुन हो ?**
- भारत

**नेपालमा कुन जिल्लालाई सर्बप्रथम बर्डफ्लु संकटग्रस्त क्षेत्र घोषणा गरियो ?**
उत्तर - भक्तपुर

## यो साता : विपत्ति र दुर्घटना

◆ **सप्तकोशीमा कटान तीव्र**

सुनसरीको वराहक्षेत्र-६ र ९ स्थित श्रीलंका टापुमा सप्तकोशी नदीले तीव्र कटान सुरु गरेपछि स्थानीय, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीय तह संयुक्त रूपमा कटान नियन्त्रणमा जुटे । चिलैया(गरैया क्षेत्रमा खेतीयोग्य जमिन र बस्ती जोखिममा परेको छ ।

◆ **पहिरोले राजमार्ग प्रभावित**

अविरल वर्षापछि कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका विभिन्न राजमार्गमा पहिरो खस्दा सडक अवरुद्ध र आंशिक रूपमा सञ्चालन हुने क्रम दोहोरियो । प्रहरी र सडक विभागले निरन्तर पहिरो पन्छाउने काम गरे ।

◆ **नदीमा पानीको बहाव बढ्यो**

कोशी, नारायणी, कर्णाली, बबई, राप्ती, अरुण, तमोर, सुनकोशीलगायत नदीमा जलसतह बढेपछि तटीय क्षेत्रका नागरिकलाई सतर्कता अपनाउन आग्रह गरियो । केही स्थानमा बाढीको पूर्वसूचना जारी गरियो ।

◆ **चट्याङ र वर्षाका कारण मानवीय क्षति**

देशका विभिन्न जिल्लामा चट्याङ लाग्ने र अविरल वर्षाका कारण घर भत्किने घटनामा केही व्यक्तिको मृत्यु तथा घाइते भएको प्रहरीले जनाएको छ ।

◆ **डुबानको जोखिम बढ्यो**

तराईका झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, रौतहट र बारा जिल्लाका होचा भूभागमा वर्षापछि डुबानको जोखिम बढ्यो । स्थानीय तहले सतर्कता अपनाउन आग्रह गरेका छन् ।

◆ **कृषि क्षेत्रमा क्षति**

लगातारको वर्षा र नदी कटानका कारण पूर्वी तराई तथा कोशी आसपासका क्षेत्रमा धान रोपाइँ गरिएको खेत, मकै, तरकारी र अन्य बालीमा क्षति पुगेको प्रारम्भिक विवरण आएको छ ।

◆ **विद्युत् र सडक सेवा प्रभावित**

पहिरो र हावाहुरीका कारण केही जिल्लामा विद्युत् आपूर्ति अवरुद्ध भयो भने ग्रामीण सडकहरू अवरुद्ध हुँदा स्थानीय बासिन्दाले आवतजावतमा सास्ती खेप्नुपर्‍यो ।

◆ **विपद् तयारीमा सरकार**

गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA), सुरक्षा निकाय र स्थानीय तहले उच्च जोखिम क्षेत्रमा उद्धार टोली तयारी अवस्थामा राखेका छन् । बाढी-पहिरो प्रभावित क्षेत्रमा आवश्यक सामग्री तथा उद्धार उपकरण पूर्वतयारीका रूपमा परिचालन गरिएको छ ।

## कृषि, शिक्षा र स्वास्थ्य

◆ **कृषि**

सरकारले चालु धान रोपाइँको प्रगति सार्वजनिक गर्दै अधिकांश जिल्लामा रोपाइँ तीव्र भएको जनाएको छ ।

अविरल वर्षा र नदी कटानका कारण कोशी, मधेश र लुम्बिनीका केही जिल्लामा खेतीयोग्य जमिन तथा बालीमा क्षति पुगेको प्रारम्भिक विवरण आएको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले मल, बीउ र कृषि सामग्रीको आपूर्तिलाई सहज बनाउने तयारीलाई निरन्तरता दियो ।

किसानलाई बाढी(पहिरोबाट हुन सक्ने क्षतिबारे सतर्क रहन तथा कृषि बिमा प्रयोग गर्न आग्रह गरियो ।

◆ **शिक्षा**

सरकारले बजेट (आर्थिक विधेयक)मार्फत ल्याएको शिक्षा र स्वास्थ्यमा लगाएको समता ३ प्रतिशत कर हटाएको छ ।

सामुदायिक विद्यालयमा शिक्षक व्यवस्थापन, गुणस्तरीय शिक्षा र सिकाइ उपलब्धि सुधारका विषयमा बहस जारी रह्यो ।

स्थानीय तहहरूले नयाँ शैक्षिक सत्रका कार्यक्रम, छात्रवृत्ति वितरण तथा विद्यालय सुधार योजनालाई अघि बढाए ।

केही जिल्लामा विद्यालय पूर्वाधार सुधार तथा भवन निर्माणका कार्यक्रम सञ्चालन भए ।

उच्च शिक्षा र प्राविधिक शिक्षालाई रोजगारीसँग जोड्नुपर्ने आवश्यकता पुनः जोडदार रूपमा उठाइयो ।

◆ **स्वास्थ्य**

सरकारले जलन उपचार सेवा विस्तारलाई तीव्र बनाउँदै संघीय र प्रादेशिक अस्पतालमा बर्न युनिट सञ्चालनलाई प्राथमिकता दिएको जनाएको छ ।

विराटनगरस्थित नोबेल शिक्षण अस्पतालले पनि आधुनिक जलन उपचार (द्यगचल ग्लष्त) सेवा सञ्चालनमा ल्यायो ।

हालसम्म १४ संघीय र ४ प्रादेशिक अस्पतालमा जलन उपचार सेवा विस्तार गरिएको जानकारी स्वास्थ्य मन्त्रालयले दियो ।

स्वास्थ्यकर्मीलाई जलन उपचारसम्बन्धी विशेष तालिम प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइयो ।

पछिल्ला आत्मदाहका घटनापछि मानसिक स्वास्थ्य सेवा, परामर्श र आत्महत्या रोकथामबारे राष्ट्रिय बहस थप तीव्र बन्यो ।

वर्षायामसँगै डेङ्गु, झाडापखाला, स्क्रब टाइफस र पानीजन्य रोगबाट बच्न स्वास्थ्य मन्त्रालयले नागरिकलाई सतर्कता अपनाउन आग्रह गर्‍यो ।

# प्रमाणपत्र होइन, रोजगारी दिने परिणाममुखी तालिम

◆ सुप्रिया राई



नेपालमा सीप विकास, नेतृत्व निर्माण र क्षमता अभिवृद्धिका नाममा तालिम सञ्चालन हुने क्रम नयाँ होइन। प्रजातन्त्रको पुनःस्थापनापछि विभिन्न सरकारी निकाय, स्थानीय तह, गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय विकास साझेदारहरूले युवामुखी, महिलामुखी, उद्यमशीलता, नेतृत्व विकास, क्षमता अभिवृद्धि र स्वरोजगारसँग सम्बन्धित हजारौं तालिम सञ्चालन गरे। तर तीमध्ये धेरै तालिमको प्रभावकारितामाथि पटक-पटक प्रश्न उठ्दै आएको छ। अधिकांश तालिममा सहभागीले प्रमाणपत्र त पाए, तर सीपलाई व्यवहारमा उतार्ने अवसर पाएनन्। कतिपय तालिम बजेट खर्च गर्ने औपचारिक कार्यक्रममै सीमित भए भने कतिपयले रोजगारी सिर्जना गर्नेभन्दा पनि तथ्यांक बढाउने काम मात्रै गरे।

नेपालमा बेरोजगारी र वैदेशिक रोजगारीको बढ्दो प्रवृत्तिबीच सीप विकासका तालिमलाई परिणाममुखी बनाउने आवश्यकता धेरै अघिदेखि महसुस हुँदै आएको हो। बजारको आवश्यकता र तालिमको विषयबीच तालमेल नहुँदा धेरै युवाले तालिम लिए पनि त्यसअनुसार रोजगारी पाउन सकेनन्। यही कारण पछिल्लो समय "तालिमका लागि तालिम" भन्दा "रोजगारीका लागि तालिम" भन्ने अवधारणाले प्राथमिकता पाउन थालेको छ।

विशेषगरी पछिल्लो राजनीतिक परिवर्तनपछि सुशासन, दक्ष जनशक्ति उत्पादन र रोजगारी सिर्जनालाई जोड दिँदै सरकारले सीपमूलक तालिमलाई नतिजामुखी बनाउने नीति अघि सारेको छ। अब तालिम सञ्चालन गर्दा केवल सहभागीको संख्या होइन, उनीहरू कति रोजगारीमा जोडिए, कति स्वरोजगार बने र कति उद्यमी भए भन्ने आधारमा प्रभावकारिता मूल्यांकन गर्नुपर्ने धारणा बलियो बन्दै गएको छ। बजारले खोज्ने सीप र तालिमबीचको दूरी घटाउन सके मात्र यस्ता कार्यक्रमको औचित्य पुष्टि हुन्छ।

यही सोचलाई व्यवहारमा उतार्ने प्रयासका रूपमा इटहरीमा सञ्चालन गरिएको बारिस्टा तालिमलाई लिन सकिन्छ। होटल तथा पर्यटन क्षेत्रमा आवश्यक दक्ष जनशक्ति उत्पादन गर्दै युवालाई रोजगारी र स्वरोजगारतर्फ उन्मुख गराउने उद्देश्यले सञ्चालन गरिएको यो तालिम केवल सैद्धान्तिक ज्ञानमा सीमित रहेन, सहभागीलाई प्रत्यक्ष अभ्यासमार्फत व्यावसायिक सीप सिकाउने प्रयास गरियो।

जिल्ला होटल तथा पर्यटन व्यवसायी संघ सुनसरीको संयोजन, नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) अन्तर्गत सञ्चालित दिगो पर्यटन परियोजनाको सहयोगमा सनसाइन स्कुल अफ टुरिजम एण्ड होटल म्यानेजमेन्टमा आयोजना गरिएको २१ दिने निःशुल्क तालिम सहभागीको उत्साहका कारण २५ दिनसम्म सञ्चालन गरिएको थियो। असार १४ गतेदेखि सुरु भएको तालिममा ३० भन्दा बढी युवाको सहभागिता रहेको थियो।

तालिममा सहभागीहरूले कफीको इतिहासदेखि आधुनिक कफी संस्कृति, बारिस्टाको भूमिका, विभिन्न प्रकारका कफी तयार गर्ने विधि, कफी मेसिन सञ्चालन, ग्राहक सेवा, सरसफाइ, गुणस्तरीय सेवा प्रवाह तथा सानो कफी व्यवसाय सञ्चालनका आधारभूत पक्षबारे व्यावहारिक प्रशिक्षण प्राप्त गरे। अनुभवी प्रशिक्षकद्वारा सञ्चालन गरिएको तालिममा कक्षाकोठाभन्दा बढी समय प्रयोगशालामा अभ्यास गराइएको थियो। यही व्यावहारिक अभ्यासले तालिमलाई अन्य परम्परागत तालिमभन्दा फरक बनाएको सहभागीहरूको अनुभव छ।

तालिममा सहभागी अधिकांश युवाले पहिलो पटक अन्तर्राष्ट्रिय स्तरको बारिस्टा सीप सिक्ने अवसर पाएका थिए। उनीहरूका अनुसार यसले होटल, रिसोर्ट, क्याफे तथा रेष्टुरेन्टमा रोजगारीका अवसर बढाउनुका साथै आफ्नै कफी व्यवसाय सञ्चालन गर्ने आत्मविश्वास पनि दिएको छ। केही सहभागीले आधारभूत तालिमपछि उन्नत (एडभान्स) स्तरको तालिमसमेत सञ्चालन गर्नुपर्ने सुझाव दिएका छन्, ताकि अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन होस्।

नेपालमा पछिल्ला वर्षहरूमा कफी संस्कृतिको विस्तार तीव्र रूपमा भइरहेको छ। सहरदेखि बजार केन्द्रसम्म नयाँ(नयाँ कफी सप खुलिरहेका छन्। आन्तरिक पर्यटनसँगै क्याफे संस्कृतिको विकासले दक्ष बारिस्टाको माग पनि बढाएको छ। तर मागअनुसार दक्ष जनशक्ति उत्पादन हुन नसक्दा व्यवसायीहरूले योग्य कर्मचारी पाउन कठिनाइ भोगिरहेका छन्। यस्तो अवस्थामा बजारको आवश्यकता पहिचान गरेर सञ्चालन गरिएका सीपमूलक तालिमले रोजगारदाता र रोजगारी खोज्ने युवाबीचको दूरी घटाउने अपेक्षा गरिएको छ।

सनसाइन स्कुल अफ टुरिजम एण्ड होटल म्यानेजमेन्टका प्रमुख कार्यकारी अधिकृत दिलीप पौडेलले गुणस्तरीय सेवा प्रदान गर्न दक्ष बारिस्टाको आवश्यकता दिनप्रतिदिन बढ्दै गएको बताउँछन्। उनका अनुसार पर्यटन उद्योगको विस्तारसँगै होटल तथा क्याफे व्यवसायमा दक्ष जनशक्तिको माग बढेकाले यस्ता तालिमले युवालाई रोजगारीसँग प्रत्यक्ष जोड्न सहयोग पुऱ्याउँछन्।

जिल्ला होटल तथा पर्यटन व्यवसायी संघ सुनसरीका अध्यक्ष तेजबहादुर पुरी पनि कफी संस्कृतिप्रति युवापुस्ताको आकर्षण बढेसँगै दक्ष जनशक्तिको आवश्यकता बढ्दै गएको बताउँछन्। उनका अनुसार तालिमको उद्देश्य केवल प्रमाणपत्र वितरण गर्नु नभई बजारले खोजेको सीपयुक्त जनशक्ति तयार गर्नु हो। त्यसैले आगामी दिनमा यस्ता तालिमलाई थप विस्तार गरिने योजना रहेको छ।

तालिमको प्रभावकारिता मूल्यांकन गर्न संघका पदाधिकारीहरूले प्रशिक्षणस्थलमै पुगेर सहभागीसँग प्रत्यक्ष संवाद गरेका थिए। तालिमको गुणस्तर, सिकाइको स्तर तथा भविष्यका आवश्यकताबारे सहभागीको प्रतिक्रिया लिइनु आफैँमा सकारात्मक अभ्यास हो। नेपालमा अधिकांश तालिम समापनसँगै सकिने प्रवृत्ति रहे पनि सहभागीको प्रगति, रोजगारीको अवस्था र सीपको उपयोगबारे अनुगमन गर्ने संस्कृति विकास हुन सके यस्ता कार्यक्रम अझ प्रभावकारी बन्न सक्छन्।

नेपालमा अहिले सबैभन्दा ठूलो आवश्यकता रोजगारी सिर्जना गर्ने मात्र होइन, बजारले खोज्ने सीप भएका जनशक्ति उत्पादन गर्नु पनि हो। त्यसका लागि तालिमलाई प्रमाणपत्र वितरणको औपचारिकताबाट निकालेर उत्पादन, उद्यम, सेवा र रोजगारसँग जोड्नुपर्छ। इटहरीमा सञ्चालन भएको बारिस्टा तालिमले यही सन्देश दिएको छ(सही विषय छनोट, व्यावहारिक अभ्यास, अनुभवी प्रशिक्षक र बजारको मागअनुसारको सीप उपलब्ध गराउन सके तालिमले युवाको जीवन परिवर्तन गर्न सक्छ।

अन्ततः तालिमको सफलता सहभागीको सङ्ख्याले होइन, उनीहरूले सिर्जना गर्ने रोजगारी, उद्यमशीलता र आत्मनिर्भरताले मापन हुन्छ। यदि यस्ता कार्यक्रमलाई निरन्तरता दिँदै नतिजामुखी बनाइयो भने नेपालमा सीप विकासका तालिम केवल बजेट खर्च गर्ने माध्यम नभई आर्थिक रूपान्तरणको प्रभावकारी आधार बन्न सक्छन्।

# लोकप्रियताभन्दा जिम्मेवारी ठूलो

*सम्पादकज्यू,*

धरानका पूर्वमेयर तथा सांसद हर्कराज राई पछिल्लो दशकमा नेपाली राजनीतिमा वैकल्पिक नेतृत्वका रूपमा स्थापित भएका पात्र हुन्। खानेपानीको दीर्घकालीन समस्या समाधान, श्रमदानको संस्कृति, सुशासनको वकालत र परम्परागत राजनीतिक दलको आलोचनामार्फत उनले धेरै नागरिकको विश्वास जितेका थिए। विशेषगरी धरानको खानेपानी अभियान र सामाजिक सक्रियताले उनलाई राष्ट्रिय चिनारी दिलायो। स्थापित राजनीतिक संस्कृतिप्रति निराश युवापुस्ताले उनीमा फरक नेतृत्वको सम्भावना देखेको थियो।

तर पछिल्लो समय हर्कराज राई आफ्ना कामभन्दा बढी अभिव्यक्ति र व्यवहारका कारण विवादमा पर्न थालेका छन्। संसद् होस् वा सार्वजनिक मञ्च, सामाजिक सञ्जाल होस् वा सडक आन्दोलन, उनका कतिपय अभिव्यक्तिलाई असंयमित, उत्तेजक र अनावश्यक रूपमा विवाद निम्त्याउने शैलीका रूपमा आलोचना गरिएको छ। सरकार र राजनीतिक दलको आलोचना गर्नु लोकतान्त्रिक अधिकार हो, तर जनप्रतिनिधिको अभिव्यक्तिमा संयमता र संस्थागत मर्यादा पनि उत्तिकै आवश्यक हुन्छ।

राईले पटक(पटक आफूलाई परम्परागत राजनीतिको विकल्पका रूपमा प्रस्तुत गरेका छन्। तर विकल्प हुनु भनेको केवल विरोध गर्नु होइन, व्यवहार, भाषा र राजनीतिक संस्कृतिमा पनि फरकपन देखाउनु हो। सार्वजनिक जीवनमा बोलेका प्रत्येक शब्दले समर्थक मात्र होइन, आलोचक र समग्र समाजलाई पनि प्रभाव पार्छ। त्यसैले लोकप्रियता जोगाउनेभन्दा विश्वास कायम राख्नु नेतृत्वको ठूलो चुनौती हुन्छ।

हर्कराज राईको बल सडकमा जनतालाई जोड्ने क्षमता हो। तर संसद् सडक आन्दोलनको निरन्तरता होइन; त्यो नीति, कानुन र तर्कको थलो हो। यदि सडकको शैली संसद्मा दोहोरिन्छ भने त्यसले वैकल्पिक राजनीतिको विश्वसनीयतामै प्रश्न उठाउँछ। जनताले वैकल्पिक नेतृत्वबाट आक्रोश मात्र होइन, समाधान, परिपक्वता र जिम्मेवारी पनि खोजिरहेका हुन्छन्।

हर्कराज राईसँग अझै पनि जनविश्वास पुनः मजबुत बनाउने अवसर छ। त्यसका लागि उनले आफ्ना सकारात्मक कामलाई निरन्तरता दिँदै अभिव्यक्ति र व्यवहारमा संयमता अपनाउनुपर्ने देखिन्छ। अन्ततः नेतृत्वको उचाइ नाराले होइन, जिम्मेवार आचरण, सहिष्णुता र जनविश्वास जोगाउने क्षमताले निर्धारण गर्छ।

## साप्ताहिक घटनाक्रम

**◆ भ्रष्टाचार तथा अनुसन्धान**

√ राहदानी छपाइ ठेक्का अनियमितता प्रकरणमा अख्तियारले पूर्वपरराष्ट्र मन्त्रीसहित १८ जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गऱ्यो ।

√ अख्तियारले भ्रष्टाचार, गैरकानुनी सम्पत्ति आर्जन तथा आर्थिक अपराधसम्बन्धी अनुसन्धानलाई तीव्रता दियो ।

√ सम्पत्ति शुद्धीकरण, राजस्व छली र आर्थिक अपराधसम्बन्धी अनुसन्धानमा सम्बन्धित निकायबीच समन्वय बढाइयो ।

**◆ पक्राउ तथा कारबाही**

√ केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले बैंकिङ कसुर, ठगी, कर्जा दुरुपयोग तथा अन्य आर्थिक अपराधमा संलग्न विभिन्न व्यक्तिलाई पक्राउ गऱ्यो ।

√ बीमा ऐन, धितोपत्र ऐन र बैंकिङ कसुरसम्बन्धी फरार प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान अघि बढाइयो ।

√ नेपाल प्रहरीले विभिन्न जिल्लाबाट फरार अभियुक्त, ठगी तथा लागुऔषध कारोबारमा संलग्न व्यक्तिलाई नियन्त्रणमा लियो ।

**◆ सामाजिक अपराध (हत्या, हिंसा)**

√ तेह्रथुमको आठराई गाउँपालिकामा ५१ वर्षीया महिलाको हत्या अभियोगमा एक व्यक्ति पक्राउ ।

√ रूपन्देहीमा आफ्नै छोराको हत्या अभियोगमा बाबु पक्राउ परे ।

√ देशका विभिन्न जिल्लामा घरेलु हिंसा, कुटपिट तथा ज्यानसम्बन्धी घटनामा प्रहरी अनुसन्धान जारी ।

√ सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्ज मा बोलबम यात्राका क्रममा बजाइएको डिजेलाई लिएर दुई समुदायबीच विवाद सुरु।

√ विवाद उग्र बन्दै हिंसात्मक झडपमा परिणत ।

√ दुवै पक्षबाट ढुंगा, लाठी, चिर्पट र धारिलो हतियार प्रयोग भएको तथा सुरक्षाकर्मीमाथि समेत आक्रमण।

√ अवस्था नियन्त्रणबाहिर गएपछि प्रहरीले गोली।

√ प्रहरीको गोली लागेर देवानगञ्ज-४ का २५ वर्षीय ओमप्रकाश मेहताको मृत्यु।

√ अन्य ९ जना सर्वसाधारणसहित नेपाल प्रहरी र सशस्त्र प्रहरीका सुरक्षाकर्मी घाइते।

√ घटनापछि स्थानीय प्रशासनले संवेदनशील क्षेत्रमा सुरक्षा व्यवस्था कडा।

√ गृह मन्त्रालयले घटनाको छानबिनका लागि सहसचिव भूपेन्द्र थापाको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन।

√ जिल्ला प्रशासन कार्यालय इनरुवामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सर्वपक्षीय बैठक।

√ बैठकले निष्पक्ष छानबिन, दोषीमाथि कानुनी कारबाही र सामाजिक सद्भाव कायम गर्न सबै पक्षलाई आग्रह।

√ गृह मन्त्रालयले सुनसरीका प्रमुख जिल्ला अधिकारी, कोशी प्रदेश प्रहरी प्रमुख (डीआईजी), जिल्ला प्रहरी प्रमुख (एसपी), सशस्त्र प्रहरीका एसपी र डीएसपीलाई फिर्ता बोलाएर नयाँ अधिकारी खटाउने निर्णय।

√ देवानगञ्ज र हरिनगरका केही क्षेत्रमा कर्फ्यु जारी।

√ आन्दोलन सुनसरीबाट मोरङ र सिरहासम्म ।

√ इटहरी-२० पकली क्षेत्रमा प्रदर्शनकारीले पूर्व-पश्चिम राजमार्ग अवरुद्ध।

√ विराटनगरमा प्रदर्शन र बजार बन्द।

√ सिरहाको गोलबजार, कर्जन्हा लगायत स्थानमा पनि राजमार्ग अवरुद्ध गर्दै प्रदर्शन।

√ जिल्ला प्रशासन कार्यालय सुनसरीले पकलीदेखि कोशी ब्यारेजसम्म तथा इनरुवा बजार क्षेत्रमा दिउँसो ३:३० बजेदेखि अनिश्चितकालीन कर्फ्यु जारी।

√ दुहवीमा सामाजिक सद्भाव कायम गर्न सर्वपक्षीय सहभागितामा सद्भाव र्‍याली ।

√ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले घटनालाई राजनीतिकरण नगर्न, निष्पक्ष छानबिन गर्न र सामाजिक सद्भाव कायम राख्न अपिल गर्दै विज्ञप्ति जारी।

√ प्रदर्शनका कारण पूर्व-पश्चिम राजमार्गमा सवारी आवागमन प्रभावित, थप सुरक्षा निकाय परिचालन।

**◆ ठगी तथा साइबर अपराध**

√ सामाजिक सञ्जालमार्फत ठगी गर्ने समूहविरुद्ध प्रहरीको कारबाही जारी ।

√ वैदेशिक रोजगारीका नाममा ठगी, अनलाइन वित्तीय अपराध तथा बैंकिङ कसुरमा संलग्न व्यक्तिमाथि अनुसन्धान अघि बढाइयो ।

**◆ सरकारका निर्णय**

√ नेपाल राष्ट्र बैंकले डिजिटल वालेट प्रयोगकर्ताका लागि राष्ट्रिय परिचयपत्रको विवरण अनिवार्य गर्ने व्यवस्था लागू गऱ्यो ।

√ जलन उपचार सेवा विस्तारका लागि संघीय तथा प्रादेशिक अस्पतालमा बर्न युनिट सञ्चालनलाई तीव्रता दिइयो ।

√ डिजिटल सेवा प्रवाह, आर्थिक अपराध नियन्त्रण तथा सुशासनलाई प्राथमिकतामा राख्दै विभिन्न नीतिगत निर्णय गरिए ।

**◆ स्वास्थ्य**

√ सरकारी अस्पतालमा जलन उपचार सेवा विस्तार गर्ने अभियान।

√ विराटनगरस्थित नोबेल अस्पतालले निजी क्षेत्रबाट आधुनिक बर्न युनिट सञ्चालनमा ल्यायो ।

√ आत्मदाहका पछिल्ला घटनापछि मानसिक स्वास्थ्य र जलन उपचारको पहुँचबारे बहस तीव्र ।

**◆ समाज**

√ हरिशयनी एकादशी देशभर श्रद्धापूर्वक मनाइयो, घर(घरमा तुलसी सार्ने परम्परा सुरु।

√ आत्मदाहका लगातार घटनाले मानसिक स्वास्थ्य, सामाजिक सुरक्षा र राज्यको जिम्मेवारीबारे राष्ट्रिय बहस ।

√ डिजिटल भुक्तानी प्रणालीमा ग्राहक पहिचान केवाईसीमा थप कडाइ।

√ सरकारले बजेट (आर्थिक विधेयक)मार्फत ल्याएको शिक्षा र स्वास्थ्यमा लगाएको समता ३ प्रतिशत कर खारेज।

# पुरानो अनुभव र नयाँ पुस्ताको समन्वय आवश्यक : शेरबहादुर भट्टराई

सामाजिक, शैक्षिक र राजनीतिक क्षेत्रमा लामो समयदेखि सक्रिय रहेका नेपाली कांग्रेसका झापा जिल्ला उपसभापति शेरबहादुर भट्टराईले कांग्रेसभित्र देखिएको पछिल्लो अवस्थालाई पार्टी फुटेको रूपमा बुझ्न नहुने धारणा राखे । उनका अनुसार अहिले पार्टीभित्र आन्तरिक बहस र सुझाव संकलनको प्रक्रिया चलिरहेको छ । पुराना नेताहरूको सम्मानजनक व्यवस्थापन गर्दै नेतृत्वले सबै पक्षलाई समेट्न सके कांग्रेसलाई विभाजनबाट जोगाउन सकिने उनको विश्वास छ । कांग्रेसको विगतमा पनि विभाजन र एकताका घटना दोहोरिएको स्मरण गर्दै उनले विभाजनले कुनै पनि दललाई सही गन्तव्यमा नपुऱ्याउने बताए । पुरानो अनुभव र नयाँ पुस्ताको ऊर्जा मिलेर मात्र पार्टी सशक्त बन्ने भएकाले एकताबद्ध कांग्रेस नै आजको आवश्यकता रहेको उनको भनाइ छ ।


राजनीतिक यात्राको अनुभव सुनाउँदै भट्टराईले आफ्नो नेतृत्वकालमा कांग्रेस दमक नगर र क्षेत्रीय समितिका कार्यालय भवन निर्माण, जग्गा व्यवस्थापन तथा गाउँस्तरमा पार्टी कार्यालय स्थापना जस्ता महत्वपूर्ण काम सम्पन्न भएको बताए । पार्टीको आर्थिक पारदर्शिता कायम गर्न छुट्टै निर्माण समिति गठन गरिएको र त्यस अभियानमा योगदान पुऱ्याउने स्वर्गीय भानुभक्त सुवेदीप्रति उनले सम्मान व्यक्त गरे ।

पार्टीभित्र उठिरहेको पुस्तान्तरण र रुपान्तरणको बहसलाई स्वाभाविक प्रक्रियाका रूपमा लिनुपर्ने उनको धारणा छ । उनका अनुसार पुस्तान्तरण प्राकृतिक रूपमा हुँदै जाने प्रक्रिया हो भने रुपान्तरण भनेको नेतृत्व, सोच, व्यवहार र कार्यशैलीमा परिवर्तन आउनु हो । अहिले अधिकांश क्षेत्रीय प्रतिनिधि र वडा सभापतिहरू नयाँ पुस्ताका भएकाले पार्टीमा सकारात्मक परिवर्तनको संकेत देखिएको उनले बताए । राजनीति निष्ठा, इमानदारी र निस्वार्थ सेवाको माध्यम हुनुपर्नेमा जोड दिँदै सबैले आफ्नो आचरण सुधार गर्नुपर्ने आवश्यकता उनले औँल्याए ।

वर्तमान राजनीतिक परिस्थितिका बारेमा धारणा राख्दै भट्टराईले अहिले सरकारविरुद्ध मोर्चाबन्दी गर्ने अवस्था नरहेको बताए । जनताबाट बहुमत प्राप्त सरकारले गरेका सकारात्मक काममा सबै दलले साथ दिनुपर्ने र गलत निर्णय भए खबरदारी गर्नुपर्ने उनको भनाइ छ । सरकार बहुमतको दम्भमा होइन, जनभावनाअनुसार जिम्मेवार ढंगले अघि बढ्नुपर्नेमा उनले जोड दिए ।

आगामी स्थानीय निर्वाचनका सन्दर्भमा आफूभित्र नेतृत्व गर्ने इच्छा रहेको स्वीकार गर्दै उनले पार्टीको निर्णय र समयको आवश्यकताअनुसार भूमिका निर्वाह गर्न तयार रहेको बताए । राजनीतिमा लागेपछि नेतृत्व गर्ने, समाजसेवा गर्ने र निर्वाचनमा सहभागी हुने चाहना स्वाभाविक भएको उल्लेख गर्दै पार्टीले आफ्नो योगदानको उचित मूल्यांकन गर्ने विश्वास व्यक्त गरे ।

झापा जिल्ला समितिको वर्तमान गतिविधिबारे जानकारी दिँदै उनले अहिले सदस्यता विस्तार, डिजिटल अभिलेखीकरण, संगठन सुदृढीकरण, आन्तरिक छलफल तथा कार्यकर्ता भेटघाटका कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाइएको बताए । अन्त्यमा नयाँ पुस्तालाई



पुराना नेताहरूको अनुभवबाट सिक्दै नयाँ सोच, नयाँ ऊर्जा र एकताबद्ध भावनाका साथ राजनीति गर्न आग्रह गर्दै विभाजन होइन, एकताबाट मात्रै कांग्रेस र देश दुवै बलियो बन्ने विश्वास व्यक्त गरे ।

यसै क्रममा भट्टराईले आफू संस्थापक अध्यक्ष रहेको भट्टराई कुलवंश प्रतिष्ठानका गतिविधिबारे पनि जानकारी दिए । उनका अनुसार कुलपूजा १३औँ शताब्दीअघिदेखि चलिआएको महत्वपूर्ण सांस्कृतिक परम्परा हो, जसलाई पुस्तान्तरण गर्दै संरक्षण गर्नु सबैको दायित्व हो । २०५० सालमा पूर्वाञ्चल तथा भारतका विभिन्न स्थानमा रहेका भट्टराई परिवारको परामर्शबाट प्रतिष्ठान स्थापना गरिएको स्मरण गर्दै उनले अहिले प्रतिष्ठानले दुर्गापूजा, तीज, शिवरात्रि, कुलपूजा, महापुराण, ऋषितर्पणी लगायतका धार्मिक तथा सांस्कृतिक कार्यक्रम नियमित सञ्चालन गरिरहेको बताए ।

प्रतिष्ठान परिसरमा शिवालय, कुलमन्दिर, गणेश, दुर्गा, नागदेवता र हनुमानका मन्दिर, धर्मशाला, गौशाला, पाकशाला तथा अन्य आवश्यक संरचना निर्माण गरिएको जानकारी दिँदै उनले २०६६ सालमा स्थापना गरिएको वशिष्ठ संस्कृत गुरुकुलमा आवासीय रूपमा बटुकहरूलाई संस्कृत शिक्षा प्रदान गर्दै आएको बताए । विश्वभर छरिएर रहेका भट्टराई परिवारलाई एउटै सांस्कृतिक सूत्रमा बाँध्ने अभियानलाई निरन्तरता दिइने बताउँदै उनले सबैलाई आफ्नो संस्कृति, परम्परा र इतिहाससँग जोडिन तथा प्रतिष्ठानको केन्द्रीय कार्यालय भ्रमण गर्न आग्रह गरे ।

# राष्ट्रिय परिचयपत्र अनिवार्य : अब वालेट खोल्न डिजिटल प्रमाणीकरण आवश्यक

इटहरी । नेपाल राष्ट्र बैंकले डिजिटल वालेट प्रयोगकर्ताका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने व्यवस्था लागू गरेको छ । नयाँ व्यवस्थाअनुसार अब वालेट खोल्दा राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखसँग विवरण मिलाएर मात्र खाता खोल्न पाइनेछ ।

राष्ट्र बैंकको भुक्तानी प्रणाली विभागले शुक्रबार भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन, २०८२ संशोधन गर्दै




ग्राहकको पहिचान र डिजिटल कारोबारको सुरक्षा सुदृढ बनाउन यस्तो व्यवस्था लागू गरेको जनाएको हो ।

संशोधित निर्देशनअनुसार अनुमतिप्राप्त भुक्तानी सेवा प्रदायक संस्थाले नेपाली नागरिकको नयाँ वालेट खाता खोल्दा राष्ट्रिय परिचयपत्रको विवरण अनिवार्य रूपमा प्रमाणीकरण गर्नुपर्नेछ । यसअघि वालेट प्रयोग गरिरहेका ग्राहकले भने २०८३ असोज मसान्तभित्र आफ्नो वालेटमा राष्ट्रिय परिचयपत्र रहेको वा नरहेको स्वघोषणा गर्नुपर्नेछ । परिचयपत्र प्राप्त गरिसकेका ग्राहकले सोही अवधिभित्र राष्ट्रिय परिचयपत्र नम्बर अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ । राष्ट्रिय परिचयपत्र नलिएका ग्राहकका हकमा वालेट सेवा प्रदायकले मोबाइल एप वा अन्य माध्यमबाट प्रत्येक महिना ग्राहक पहिचान अद्यावधिक गर्न जानकारी गराउनुपर्ने राष्ट्र बैंकले जनाएको छ ।

विदेशमा रहेका नेपाली नागरिकले भने राष्ट्रिय परिचयपत्र नभए पनि अन्य आवश्यक कागजातका आधारमा अनलाइनबाट वालेट खोल्न सक्नेछन् । तर नेपाल फर्किएको ३५ दिनभित्र राष्ट्रिय परिचयपत्रको विवरण अनिवार्य रूपमा अद्यावधिक गर्नुपर्नेछ ।

त्यस्तै, अशक्त, असहाय तथा आफ्नो हेरचाह आफैं गर्न नसक्ने नागरिकका लागि राष्ट्रिय परिचयपत्र नभए पनि अन्य आवश्यक कागजातका आधारमा वालेट खोल्न र कारोबार गर्न सकिने व्यवस्था गरिएको छ ।

राष्ट्र बैंकले भुक्तानी तथा फर्छ्योट ऐन, २०७५ को दफा ४५ बमोजिम जारी गरेको यो निर्देशनले डिजिटल वित्तीय कारोबारलाई थप सुरक्षित, पारदर्शी र विश्वसनीय बनाउने अपेक्षा गरिएको जनाएको छ ।

## इटहरी उपमहानगरपालिकाको अनुरोध

- बालश्रमको प्रयोग नगरौं । उपमहानगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं। सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुवै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षामा ध्यान दिऔं ।
- नगरपालिकालाई महिला हिंसा रहित बनाउने अभियानमा सबैजना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तरगत जन्म, विवाह, बसाइसराइ, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनि विकासको हरेक काम कारवाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा उपनगरपालिकालाई सहयोग गरौं । सावजनिक स्थलमा जतातत्तै फोहरमैला नफालौं ।

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, इटहरी, सुनसरी

## इतिहासको पानाबाट

### भारतीय हस्तक्षेपको सुत्रपात

# राजा त्रिभुवनलाई भारतमा शरण



क्रमागत......

त्यो घटनासँगै राजा त्रिभुवन र राणा प्रधानमन्त्री मोहनशमशेरका सम्बन्धमा चिसोपन आउन लागेको थियो । प्रधानमन्त्रीले राजालाई गोरखा धपाउन गुप्त योजना बनाउँदै थिए भने राजा उपचारको बहानामा आफैं देश छोड्ने योजनामा भएको चर्चा व्याप्त थियो । यसै क्रममा राजा त्रिभुवनले प्रधानमन्त्री र आफ्नो सम्बन्ध बिग्रेको जानकारी मात्र दिएनन् आफू र परिवारको जीवन जोखिममा रहेकाले आवश्यक परेमा आफूहरूलाई सुरक्षा प्रदान गर्न नेपालस्थित भारतीय राजदूत सीपीएन सिंहसमक्ष अनुरोध गरे । राजदूतले सिंहले २७ अक्टोबर १९५० मा राजाको उक्त सन्देश प्रधानमन्त्री नेहरूसमक्ष पुऱ्याएका थिए । नेहरूले २८ अक्टोबरमा राजदूतलाई पत्रको जवाफ दिँदै आवश्यक परेमा भारतले राजालाई काठमाडौँस्थित भारतीय दूतावासमा शरण दिने र त्यस्तो अवस्थामा अन्तर्राष्ट्रिय कानुनअनुसार आफूहरूले गर्न सक्ने हरसम्भव सुरक्षा प्रदान गर्ने जानकारी राजालाई गराउन निर्देशन दिएका थिए । (सेक्लेक्टेड वर्क्स अफ जवाहरलाल नेहरू दोस्रो संस्करणको अंक १५ को दोस्रो भाग) सन् १९५० नोभेम्बर ११ मा दिल्ली पुगेका राजा त्रिभुवन, युवराज महेन्द्र, अधिराजकुमारहरू हिमालय र बसुन्धरालाई पालम हवाईअड्डामा स्वागत गर्दै भारतका प्रधानमन्त्री जहवारलाल नेहरू, उद्योग एवं आपूर्तिमन्त्री एचके महताब, वाणिज्यमन्त्री श्री प्रकाश, रक्षामन्त्री सरदार बलदेव सिंह ।

यसरी राजा त्रिभुवनले नेपालस्थित भारतीय राजदूत सिंहमार्फत भारतका प्रधानमन्त्री नेहरूको पूर्ण आश्वासन पाएर नै सन् १९५० को ०६ नोभेम्बरको बिहान ०९:४५ तिरै भारतीय दूतावास (त्यतिबेला भारतीय दूतावास हालको राष्ट्रपति कार्यालय शीतल निवासमा थियो ।) मा परिवारसहित शरण लिएका थिए । राजाले भारतीय दूतावासमा शरण लिएको खबर थाहा पाएपछि राजालाई फकाउन भनी राजाका भानिज मेजर जनरल अर्जुनशमशेर (राजा त्रिभुवनकी दिदी अधिराजकुमारी रमा दिव्यश्वरी र भारतका लागि तत्कालीन नेपाली राजदूत सिंहशमशेरका छोरा) र मेजर जनरल विजयशमशेर (तत्कालीन प्रधानमन्त्री मोहनशमशेरका छोरा) त्यहाँ पुगेका थिए । तर राजासँग उनीहरूलाई भेट्नसमेत दिइएन र राजा पनि फर्किन मानेनन् । अर्को दिन ०७ नोभेम्बरमा प्रधानमन्त्री मोहनशमशेरले भारदारी सभा र तथाकथित संसद्को निर्णयबाट राजा त्रिभुवनलाई गद्दीच्युत गराई उनका नाति ज्ञानेन्द्रलाई नयाँ राजा घोषित गराए । शास्त्रीय परम्पराअनुसार सोही दिन हनुमानढोका दरबारमा उनको राज्याभिषेक समारोह पनि भयो । (दी इन्डियन एक्सप्रेस, ८ नोभेम्बर-१९५०)

दूतावासको शरणमा आएका राजा त्रिभुवनलाई भारत अब जतिसक्यो चाँडो दिल्ली पुऱ्याउन चाहन्थ्यो । राजा त्रिभुवनले लामो समयदेखि उपचारका लागि भारत जान चाहेको तर प्रधानमन्त्रीले अनुमति नदिएपछि उनले शरण लिएको र उपचारका लागि यथाशीघ्र भारत जान चाहेको भन्ने राजाको भाष्यसमेत भारतले नै निर्माण गरिदियो । राजाले शरण लिएको भोलिपल्टै नेहरूले जति सक्दो चाँडो राजालाई दिल्ली पठाउने बन्दोबस्त गर्न राजदूतलाई निर्देशन दिए । साथै उनले राजदूतको मागअनुसार दुईवटा विमान नेपाल पठाउने बताए । उनले राजाको माग स्वीकार गरी भारत सरकारले उपचारका लागि दिल्ली आउन अनुमति दिएको र त्यसका लागि चाहिने सम्पूर्ण बन्दोबस्त गरिसकेको जानकारी राजालाई गराउन निर्देशन दिए । नेहरूले राजा उपचारका लागि परिवारसहित भारत जाँदा धेरै प्रश्न उठ्ने भन्दै आफूहरूले नयाँ राजालाई मान्यता नदिने समेत राजदूत सिंहलाई बताएका थिए । मान्यताका सम्बन्धमा नेपाल सरकारलाई औपचारिक रूपमा जानकारी गराउने नेहरूको भनाइ थियो ।

नेहरूको निर्देशनपछि राजदूतले सिंहले प्रधानमन्त्री मोहनशमशेरसमक्ष राजा त्रिभुवनलाई उपचारका लागि भारत जान दिन अनुमति प्रदान गर्न आग्रह गरे । तर प्रधानमन्त्री मोहनशमशेरले राजाले आफूसँगको आपसी परामर्शविना नै त्यस्तो गरेको भन्दै असन्तुष्टि जनाए । त्यसबाट 'संवैधानिक जटिलता' उत्पन्न हुने भन्दै उनले त्रिभुवनलाई भारततर्फ उड्न नदिन केही समयअघि मात्रै सुरु भएको 'इन्डियन नेसनल एअरवेज' को ०९ नोभेम्बरको साप्ताहिक उडानलाई अनुमतिसमेत दिएनन् । सिंहले त्यही ब्यहोरा नेहरूलाई अवगत गराए । (सेक्लेक्टेड वर्क्स अफ जवाहरलाल नेहरू दोस्रो संस्करणको अंक १५ को दोस्रो भाग)

प्रधानमन्त्रीलाई यो जानकारी गराउनु कि उनको बोल्ने शैली र भारतका राजदूतलाई गरेको व्यवहारलाई हामीले अमैत्रीपूर्ण मानेका छौँ । यदि अहिलेको अवस्थामा विवेकपूर्ण दृष्टिकोण रहेन भने यसको परिणाम गम्भीर हुन सक्छ ।

मोहनशमशेरले राजालाई दिल्ली जान अनुमति नदिएको भन्ने जानकारी पाउनासाथ नेहरू रिसले चुर भए । उनले हप्कीदप्कीको शैली प्रदर्शन गरे । हस्तक्षेपकै रूपमा नेपाललाई धम्कीपूर्ण भाषामा ०८ नोभेम्बरमा राजदूत सिंहलाई यस्तो पत्र पठाएका थिए । क्रमशः....